# प्रदेश सभा

# प्रदेश मामिला तथा कानून समिति

# वार्षिक प्रतिवेदन

आ.व. २०७५ /२०७६


**प्रदेश सभा सचिवालय**

**प्रदेश नं. ५, बुटवल, नेपाल**

# प्रदेश सभा
## प्रदेश मामिला तथा कानून समिति
प्रदेश नं. ५, बुटवल

मा. श्री दामा कुमारी शर्मा - सभापति

**सम्पादन मण्डल**

| | |
|---|---|
| श्री दुर्लभ कुमार पुनमगर | - सचिव |
| श्री श्याम प्रसाद श्रेष्ठ | - उपसचिव (कानून) |
| श्री हरिहर पोखरेल | - अधिकृत नवौं |
| श्री दिनेश अधिकारी | - अधिकृत आठौं |
| श्री विवश बोहरा | - कम्प्युटर अपरेटर |

---


प्रकाशक : प्रदेश सभा सचिवालय, प्रदेश नं. ५, बुटवल, नेपाल

वितरण : निःशुल्क

प्रकाशन प्रति : ५००।-

प्रकाशन मिति : २०७६, आषाढ



सर्वाधिकार : प्रदेश सभा सचिवालयमा सुरक्षित



मुद्रण : न्यू बाबा प्रिन्टर्स एण्ड जनरल सप्लायर्स, बुटवल

## सभापतिज्यूको मन्तव्य

माननीय सभामुख महोदय,

संघीयताको कार्यन्वयनसँगै प्रदेश सभाको स्थापना भै समितिले आफ्नो करिब एक वर्षको कार्य सम्पादन गर्ने अवसर प्राप्त गरेको छ । प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ बमोजिम प्रदेश सभाको नियमित कार्यमा सहयोग पुऱ्याउन प्रदेश सभा अन्तर्गत विषयगत समिति र विशेष समिति गठन गर्न सकिने व्यवस्था भए बमोजिम प्रदेश सरकारलाई प्रदेश सभा प्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन र प्रदेशसभालाई व्यवस्थित गर्नका लागि संविधानको धारा १९३ बमोजिम गठित विभिन्न छ वटा विषयगत समितिहरु मध्ये प्रदेश मामिला तथा कानून समिति पनि एक हो । यस समितिको कार्यक्षेत्रमा मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय र आन्तरिक मामिला तथा कानून मन्त्रालय पर्दछन् । पदेन सदस्य सहित समितिमा हाल जम्मा १५ जना सदस्यहरु रहनु भएको छ । मुख्यमन्त्री र समितिको कार्यक्षेत्रसित सम्बन्धित आन्तरिक मामिला तथा कानून मन्त्री यस समितिका पदेन सदस्य रहने व्यवस्था नियमावलीमा रहेको छ ।

सोही नियमावलीको नियम १५१ अनुसार आफ्नो कार्यक्षेत्र भित्र रही कार्य सम्पादन गर्न समितिलाई काम, कर्तव्य र अधिकार तोकिएको छ । समितिले आफूलाई सुम्पिएका विभिन्न कार्यहरु सम्पादन गर्ने सिलसिलामा विभिन्न कार्यविधि एवं प्रक्रियाहरु अवलम्बन गरेको थियो । यस क्रममा समितिले आन्तरिक कार्यविधि निर्माण, आन्तरिक बैठक र छलफल, कार्यक्षेत्र भित्रका विषयमा स्थलगत अध्ययन भ्रमण, सरोकारवाला निकायहरुलाई आवश्यक निर्देशन, विभिन्न अध्ययन प्रतिवेदनहरु पारित लगायतका कार्यहरु गरेको थियो ।

मिति २०७५ असार २८ मा समिति गठन भए पश्चात मिति २०७५आषाढ मसान्त सम्ममा समितिका जम्मा ३३ वटा बैठकहरु बसेका छन् यस समितिको पहिलो बैठक मिति २०७५/०३/२८ गते समितिमा उपस्थित सदस्यहरु मध्येका जेष्ठ सदस्य मा. श्री भोज प्रसाद श्रेष्ठको सभापतित्वमा बसेको थियो । प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ बमोजिम समितिको मिति २०७५/०४/१० गते वसेको समितिको चौंथो बैठकबाट समितिका सदस्य माननीय दामा कुमारी शर्मा समितिको सभापति पदमा निर्विरोध निर्वाचित हुनु भएको थियो । समितिका बैठकहरुबाट विभिन्न महत्वपूर्ण निर्णयहरु भई सरकारका विभिन्न निकायहरुलाई आवश्यक सुझाव एवं निर्देशनहरु दिइएका छन् ।

माननीय सभामुख महोदय,

प्रतिवेदन पेश गर्ने अवधिसम्ममा यस समितिमा प्रदेश सभाबाट दफावार छलफलका लागि प्रदेश नं. ५, प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश नं. ५,

जाँचबुझ आयोगको गठन तथा काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश नं. ५, मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवा अन्य सर्तका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश नं. ५, प्रदेश प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश नं. ५, अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश नं. ५, जिल्ला सभा तथा जिल्ला समन्वय समिति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश नं. ५ संघ संस्थाहरुको दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश नं. ५, गाउँ सभा र नगर सभाको कार्य सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश नं. ५, प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक गरी नौ वटा विधेयक प्राप्त भएका थिए । प्राप्त विधेयकहरु माथि अध्ययन र मन्त्रालयका पदाधिकारी समेतको उपस्थितिमा दफावार छलफल गर्ने, सरोकारवालासंग छलफल गर्ने गरी सबै विधेयकमा आवश्यक संशोधन सहित समितिले प्रतिवेदन पारित गरी सभा समक्ष पेश गरेको थियो ।

माननीय सभामुख महोदय,

यस समितिले आफ्नो स्थलगत अध्ययनको सिलसिलामा बुटवल उपमहानगरपालिकाले वडा नं. १ जितगढी स्थित केही स्थानीय बासिन्दाहरुको घर टहरा भत्काइएको विषयमा स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गर्नुका साथै समस्या समाधानको लागि सरकारलाई निर्देशन दिएको थियो । साथै यस प्रदेश भित्र रहेको ११ वटा जिल्लाका १२ वटा कारागारहरुको अवस्था बुझ्नको लागि दुईवटा समुह बनाई स्थलगत अनुगमन तथा निरिक्षण गरी अनुगमनका क्रममा देखिएका समस्या समाधानको लागि प्रदेश सरकारलाई ध्यानाकर्षण गराउने र निर्देशन दिने र संघीय सरकारको सम्बन्धित निकायलाई सुझाव दिने र संघीय संसदको राज्य व्यवस्था समितिलाई समेत आवश्यक जानकारी दिनेगरी प्रतिवेदन तयारी गरिएको छ ।

माननीय सभामुख महोदय,

प्रदेशको मुख्यमन्त्री र मन्त्रिपरिषद कार्यालय तथा आन्तरिक मामिला तथा कानून मन्त्रालयको कामकारवाहीको निगरानी तथा समस्याहरु समाधानका लागि सहजीकरण गर्ने यस समिति प्रदेश सभाको एक महत्वपूर्ण समिति हो । साथै मानव अधिकार, सुशासन जस्ता गम्भिर र महत्वपूर्ण विषय समेत यस समितिको कार्यक्षेत्रमा रहेको छ । प्रदेश सरकारले बनाएका सम्पूर्ण कानूनले प्रत्यायोजन गरेको अधिकार अनुसार प्रत्यायोजित कानून बने नबनेको समेत अध्ययन गरी जाँच गर्ने समेत यस समितिको जिम्मेवारी रहेको छ । तसर्थ यस समितिका काम कारवाहीहरुलाई थप प्रभावकारी बनाउन मानवीय स्रोत साधन आदिको अवस्था मजबुत बनाउँदै, अनुसन्धानमुलक कार्यमा समेत जोड दिन आवश्यक छ । प्रदेश सरकारका विभिन्न निकायलाई दिएका सुझाव एवं निर्देशनहरुको कार्यान्वयन अवस्था समेतको खोजी गर्नुका साथै सरकार र समितिको सम्बन्ध

प्रभावकारी बनाउँदै, समिति, सरकार, नागरिक समाज एवं सञ्चार जगतबीच उचित मात्रामा समन्वय र सहकार्य कायम गर्ने लगायतका कार्यहरु गर्दै अगाडि बढ्न आवश्यक देखिन्छ ।

माननीय सभामुख महोदय,

समितिको कार्य सम्पादनमा निरन्तर रुपमा मार्गदर्शन गर्नुहुने माननीय सभामुखज्यू एवं माननीय उपसभामुखज्यू, समितिको कार्यसम्पादनमा सहयोग गर्नुहुने कार्यक्षेत्र अन्तर्गतका मन्त्रालयका माननीय मुख्यमन्त्री तथा मन्त्रीज्यूहरु, समितिको कार्यमा निरन्तर लागी पर्नु हुने समितिका माननीय सदस्यहरु तथा प्रदेश सभा सचिवालय र यस समिति सचिवालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरु, समितिको कार्यक्षेत्र र कार्यसम्पादनसँग सम्बन्धित सरोकारवाला निकायका प्रमुख एवं प्रतिनिधिहरु, पत्रकार मित्रहरु लगायत सम्बद्ध सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दै माननीय सभामुखज्यूको अनुमतिले प्रदेश मामिला तथा कानून समितिको वार्षिक प्रतिवेदन, २०७६ सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु ।

धन्यवाद ।

मिति २०७६/०६/०२

दामा कुमारी शर्मा
सभापति
प्रदेश मामिला तथा कानून समिति

# विषय सूची


| क.सं. | विवरण | पृष्ठ |
|---|---|---|
| **१** | **परिच्छेद-१ प्रारम्भिक** | १ |
| १.१. | परिचय | १ |
| १.२. | समितिको गठन | १ |
| १.३ | समिति सचिवालय | २ |
| १.४ | समितिको कार्यक्षेत्र र अधिकार | २ |
| १.५ | समितिको कार्य | २ |
| १.६ | समितिको कार्यविधि | २ |
| १.७ | सीमा | ३ |
| १.८ | प्रतिवेदनको संरचना | ३ |
| **२** | **परिच्छेद-२ सम्पादित कार्य** | ४ |
| २.१. | बैठक, निर्णय तथा निर्देशन | ४ |
| २.२. | उप समितिको गठन र कार्य | १२ |
| २.३. | विधायन सम्बन्धी भएका समितिका मुख्य कार्य विवरणहरु | १३ |
| **३.** | **परिच्छेद-३, निर्णय/निर्देशन कार्यान्वयन सम्बन्धी** | १४ |
| ३.१ | निर्णय/निर्देशन कार्यान्वयनको अवस्था | १४ |
| ३.२ | निर्णय/निर्देशन कार्यान्वयनको समस्या | १७ |
| **४.** | **परिच्छेद-४, कार्य सम्पादनका समस्या** | १८ |
| ४.१. | समितिको कार्य सम्पादनमा देखिएका समस्या | १८ |
| **५.** | **परिच्छेद-५, निष्कर्ष, सुझाव तथा सिफारिस** | १९ |
| ५.१ | निष्कर्ष | १९ |
| ५.२ | सुझाव तथा सिफारिस | २० |
| ६ | अनुसूचिहरु | २३ |

## परिच्छेद १
## प्रारम्भिक

### १.१. परिचय

संघीयताको कार्यन्वयनसँगै प्रदेश सभाको स्थापना भै समितिले आफ्नो करिब एक वर्षको कार्य सम्पादन गर्ने अवसर प्राप्त गरेको छ । प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ बमोजिम प्रदेश सभाको नियमित कार्यमा सहयोग पुऱ्याउन प्रदेश सभा अन्तर्गत विषयगत समिति र विशेष समिति गठन गर्न सकिने व्यवस्था भए बमोजिम प्रदेश सरकारलाई प्रदेश सभा प्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन र प्रदेशसभालाई व्यवस्थित गर्नका लागि संविधानको धारा १९३ बमोजिम गठित विभिन्न छ वटा विषयगत समितिहरु मध्ये प्रदेश मामिला तथा कानून समिति पनि एक हो । यस समितिको कार्यक्षेत्रमा मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र आन्तरिक मामिला तथा कानून  मन्त्रालय पर्दछन् । पदेन सदस्य बाहेक सभामुखले कार्यव्यवस्थाको परामर्श लिई समितिमा १५ जना सदस्यहरु रहने व्यवस्था रहेको छ । मुख्यमन्त्री र समितिको कार्य क्षेत्रसित सम्बन्धित आन्तरिक मामिला तथा कानून मन्त्री यस समितिका पदेन सदस्य रहने व्यवस्था नियमावलीमा रहेको छ ।

प्रदेशका मुख्यमन्त्री र मन्त्रिपरिषद कार्यालय तथा आन्तरिक मामिला तथा कानून मन्त्रालयको कामकारवाहीको निगरानी तथा समस्याहरु समाधानका लागि सहजीकरण गर्ने यस समिति प्रदेश सभाको एक महत्वपूर्ण समिति हो । साथै मानव अधिकार, सुशासन जस्ता गम्भिर र महत्वपूर्ण विषय समेत यस समितिको कार्यक्षेत्रमा रहेको छ । प्रदेश सरकारले वनाएका सम्पूर्ण कानूनले प्रत्यायोजन गरेको अधिकार अनुसार प्रत्यायोजित कानून वने नवनेको समेत अध्ययन गरि जाँच गर्ने समेत यस समितिको जिम्वेवारी रहेको छ । तसर्थ यस समितिका काम कारवाहीहरुलाई थप प्रभावकारी बनाउन मानवीय स्रोत साधन आदिको अवस्था मजबुत बनाउँदै, अनुसन्धानमुलक कार्यमा समेत जोड दिने आवश्यक रहेको छ ।

### १.२ समितिको गठन

प्रत्येक समितिमा सभामुखले प्रदेश सभाको सहमति लिई पदेन सदस्य बाहेक बढीमा १५ जना सदस्य मनोनयन गर्न सक्ने व्यवस्था नियमावलीमा छ । वि. सं. २०७४ सालमा सम्पन्न भएको प्रदेश सभाको निर्वाचन पश्चात् नेपालको संविधानको धारा १९३ तथा प्रदेश सभा नियमावली २०७४ को नियम १४६ अनुसार गठन भएको प्रदेश सभा अन्तर्गत गठित यस प्रदेश मामिला तथा कानून समितिमा हाल सभापति मा. दामा कुमारी शर्मा सहित जम्मा १३ जना सदस्य (पदेन सदस्य बाहेक) रहनुभएको छ । मुख्यमन्त्री र समितिको कार्यक्षेत्रसित सम्बन्धित आन्तरिक मामिला तथा कानून मन्त्री यस समितिका पदेन सदस्य रहने व्यवस्था नियमावलीमा छ । समितिमा रहनुभएका माननीय सदस्यहरुको नामावली अनुसूची (१) मा रहेको छ ।

## १.३ समिति सचिवालय

प्रदेश सभा सचिवालय अन्तर्गत प्रदेश मामिला तथा कानून समितिको सचिवालय रहेको छ । यस समितिमा प्रदेश सभाको सचिव पदेन सचिव हुने व्यवस्था भएता पनि सचिवले अधिकृतलाई समितिको सचिव भई काम गर्न तोक्न सक्ने व्यवस्था भए बमोजिम यस समितिमा श्री दिनेश अधिकारी समिति सचिवको रुपमा कार्यरत हुनुहुन्छ । समिति सचिवालयमा कार्यरत कर्मचारीहरुको विवरण अनुसूची-२ मा रहेको छ ।

## १.४ समितिको कार्यक्षेत्र र अधिकार

प्रदेश सभा नियमावलीको नियम १४६ मा उल्लेख भए अनुसार समितिले प्रदेशभित्र रहेका शासन व्यवस्था, मानव अधिकार, सुशासन, कानून, न्याय, प्रत्यायोजित अधिकार, शान्ति सुरक्षा र सुव्यवस्था प्रदेश प्रहरी, विपद् व्यवस्थापन एवं मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयसँग सम्बन्धी कार्य गर्ने समितिको कार्य क्षेत्र रहेको छ ।

## १.५ समितिको कार्य

प्रदेश सभा नियमावली २०७४ को नियम १५१ अनुसार समितिबाट मुख्य रुपमा सम्पादन हुने कार्यहरु देहाय बमोजिम रहेका छन् ।

- प्रदेश सभाले प्रदेश मामिला तथा कानून समितिमा पठाएको विधेयकको समीक्षा गर्ने र सहमति भए अनुसार विधेयकहरुमा संशोधनको सिफारिस गर्ने,
- समितिले विषयक्षेत्र अन्तर्गतको जिम्मेवारीमा पर्ने मन्त्रालय एवं अन्तर्गतका सरकारी निकायको काम कारवाहीको अनुगमन, विश्लेषण एवं मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्नेछ र आवश्यकता अनुसार सम्बन्धित निकायलाई निर्देशन दिन सक्नेछ,
- सभाले निर्धारण गरेको समितिले नियम ६० अनुरुप मन्त्रिपरिषद, सरकारी वा गैर सरकारी निकायको निर्णयको कुनै कारणले सम्वन्धित प्रदेश भित्र बसोबास गर्ने नेपाली नागरिकलाई मर्का परेको विषय खुलाई कम्तीमा एक सय व्याक्तिको हस्ताक्षर सहित दिएको आवेदनपत्रलाई तीन जना सदस्यले प्रमाणित गरी प्रस्तावको रुपमा सभा समक्ष प्रस्तुत हुन आएको आवेदनपत्र उपर जाँचबुझ गरी सभामा प्रतिवेदन पेश गर्ने,
- समितिले आफ्नो कार्य सम्पादनका लागि आवश्यक पर्ने कार्यविधि निर्धारण गर्ने,
- सभाको निर्णयद्वारा समितिलाई दिइएको अन्य कुनै कार्य र जिम्मेवारी निर्वाह गर्ने ।

## १.६ समितिको कार्यविधि

समितिले आफूलाई सुम्पिएका विभिन्न कार्यहरु सम्पादन गर्ने सिलसिलामा देहाय बमोजिमका कार्यविधि र प्रक्रिया अवलम्बन गरेको छ :

क) समितिको आन्तरिक कार्यविधि बनाई लागू गरिएको,

ख) समितिका आन्तरिक बैठक र छलफल,

ग) कार्यक्षेत्र भित्रका मन्त्रालयका मुख्यमन्त्रि, मन्त्री, सचिव र मन्त्रालयका पदाधिकारीसंग छलफल

घ) सरोकारवाला निकायका प्रमुख र प्रतिनिधिहरुसँगको छलफल एवं अर्न्तक्रिया,

ङ) विभिन्न विषयका विशेषज्ञसँगको छलफल,
च) लिखित दस्तावेजहरुको अध्ययन,
छ) उपसमितिको गठन,
ज) स्थलगत अवलोकन अध्ययन भ्रमण,
झ) सरोकारवाला निकायहरुलाई आवश्यक निर्देशन
ञ) प्रतिवेदन (वार्षिक वा अन्य)।
च) समितिको कार्यविधि अनुसूचि १ मा रहेको छ।

**१.७ सीमा**

समितिको कार्यसम्पादनमा भौतिक, आर्थिक र मानवीय स्रोत साधनको कमी, अनुसन्धान कार्यको अभाव, विज्ञताको अभाव जस्ता कारणले समितिले सम्पादन गरेका कार्यमामात्र सिमित रहि समितिले प्रतिवेदन तयारी गरेको छ।

**१.८ प्रतिवेदनको संरचना**

यो प्रतिवेदनमा जम्मा पाँचवटा परिच्छेद रहेका छन् । परिच्छेद एकमा प्रारम्भिक रहेको छ र सो अन्तर्गत समितिको परिचय, समिति गठन, समिति सचिवालय, समितिको कार्यक्षेत्र र अधिकार, समितिको कार्य, समितिको कार्यविधि र प्रक्रिया, सीमा र प्रतिवेदनको संरचना रहेका छन् । परिच्छेद दुईमा समितिबाट सम्पादित कार्य रहेको छ । यसैगरी परिच्छेद तीनमा निर्णय तथा निर्देशन कार्यान्वयन रहेको छ भने परिच्छेद चारमा कार्य सम्पादनमा देखिएका समस्याहरु समावेश गरिएको छ। परिच्छेद पाँचमा निष्कर्ष, सुझाव तथा सिफारिस रहेको छ।

## परिच्छेद-२

## सम्पादित कार्य

### २.१. बैठक, निर्णय तथा निर्देशन

मिति २०७५/०३/ २८ गते देखि २०७६ को आषाढ महिनासम्ममा समितिको बैठक ३३ पटक बसेको थियो । समितिका बैठकहरु र भएका निर्णयहरुको विवरण देहाय बमोजिम रहेको छ ।

**समितिको बैठक, छलफल, निर्णय र निर्देशनः**

| बैठक संख्या<br>मिति | निर्णय |
|---|---|
| **बैठक संख्याः १**<br>२०७५ असार २८ गते<br>*जेष्ठ सदस्य मा. भोज प्रसाद श्रेष्ठज्यूको अध्यक्षता* | ➢ तत्कालिन विधायन समितिबाट यस समितिमा प्राप्त विधेयक संख्या ८, प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका विषयमा माननीय प्रदेश सभा सदस्यबाट दर्ता गरेको संशोधन प्रस्ताव प्राप्त गरियो । प्राप्त संशोधन प्रस्ताव अध्ययन गरी अर्को बैठकमा छलफल गर्ने निर्णय गरियो ।<br>➢ दफावार छलफलका लागि अर्को बैठक २०७५।०३।३१ गते दिनको ३ बजे बस्ने र उक्त बैठकमा सम्बन्धित मन्त्रीलाई आमन्त्रण गर्ने निर्णय गरियो । |
| **बैठक संख्याः २**<br>२०७५ असार ३१ गते<br>*जेष्ठ सदस्य मा. भोज प्रसाद श्रेष्ठज्यूको अध्यक्षता* | ➢ प्रदेश नं. ५ प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि प्रस्तुत भएको संशोधन प्रस्ताव, मा० मन्त्री, मा० विपक्षी दलका नेता, मा० सदस्यहरुले छलफलमा राख्नु भएको धारणा र प्रदेश सरकारका सचिवहरुबाट प्राप्त सुझावलाई समेत मध्यनजर गर्दै परिमार्जित विधेयकको प्रतिवेदनलाई अन्तिम रुप दिई सभामा प्रस्तुत गर्ने सर्वसम्मतीवाट निर्णय गरियो । |
| **बैठक संख्याः ३**<br>मिति २०७५ साल श्रावण ७ गते<br>*जेष्ठ सदस्य मा. भोज प्रसाद श्रेष्ठज्यूको अध्यक्षता* | ➢ मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवा र अन्य शर्तका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि प्रस्तुत भएको संशोधन प्रस्ताव, मा० विपक्षी दलका नेता, मा० सदस्य, प्रदेश कानून तथा सुझाव आयोगका अध्यक्ष र आन्तरिक मामिला तथा कानून मन्त्रालयका उपसचिवहरुले छलफलमा राख्नु भएको धारणालाई मध्यनजर गर्दै परिमार्जित विधेयकको प्रतिवेदनलाई अन्तिम रुप दिई सभामा प्रस्तुत गर्ने सर्वसम्मतीवाट निर्णय गरियो । |
| **बैठक संख्याः ४**<br>मिति २०७५ साल श्रावण १० गते<br>*जेष्ठ सदस्य मा. भोज प्रसाद श्रेष्ठज्यूको अध्यक्षता* | ➢ माननीय सदस्य श्री भोज प्रसाद श्रेष्ठ प्रस्तावक र मा. सदस्य सरस्वती गौतम समर्थक भई प्रदेश मामिला तथा कानून समितिको सभापति पदमा मा. सदस्य दामा कुमारी शर्मालाई निर्वाचित गरियोस भन्ने प्रस्ताव समितिबाट पारित भई माननीय श्री दामा कुमारी शर्मालाई प्रदेश मामिला तथा कानून समितिको सभापति |

| | |
|---|---|
| | पदमा निर्विरोध निर्वाचित गर्ने निर्णय गरियो । |
| **बैठक संख्याः ५**<br>२०७५ साल श्रावण ११ गते<br>*मा. सभापति दामा कुमारी शर्माज्यूको अध्यक्षता* | ➢ प्रदेश नं. ५ प्रदेश लोकसेवा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि प्रस्तुत भएको संशोधन प्रस्ताव, संशोधनकर्ता मा० सदस्य, मा० सदस्य, र आन्तरिक मामिला तथा कानून मन्त्रालयका कानून अधिकृतहरुले छलफलमा राख्नु भएको धारणालाई मध्यनजर गर्दै प्रदेश लोक सेवा आयोगको व्यवस्था गर्दै प्रदेश लोक सेवा आयोगको आधार र मापदण्ड संघीय कानून अनुसार हुने भएकोले संघीय कानून नबन्दासम्म छलफल नगर्ने निर्णय गरियो । |
| **बैठक संख्याः ६**<br>मिति २०७५ साल भाद्र १५ गते | ➢ आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ५ लाई योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा भएको प्रगति विवरण एवं योजना तथा कार्यान्वयन सम्बन्धी स्पष्ट खाका सहित उपस्थिति हुन आमन्त्रण गरिएकोमा उक्त मन्त्रालयबाट उपसचिव श्री मधु पौडेल ज्ञवालीज्यूको उपस्थिति रहयो ।<br>➢ मन्त्रालयबाट उपस्थिति उपसचिवबाट प्रगति विवरण एवं योजना तथा कार्यान्वयन सम्बन्धमा संक्षिप्त विवरण मौखिक रुपमा प्रस्तुत गर्नु भयो । साथै उहाँको प्रस्तुतिमाथि सामान्य छलफल भयो ।<br>➢ आ.व. ०७४।०७५ को कार्यक्रम र प्रगतिको विवरण यस समितिमा पेश गर्न मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो ।<br>➢ यस सम्बन्धमा थप छलफलका लागि सम्बन्धित मन्त्रीको उपस्थिति आवश्यक देखिएको हुँदा माननीय आन्तरिक मामिला तथा कानून मन्त्रीलाई सचिव सहित आगामी बैठकमा उपस्थित हुन निर्देशन दिने निर्णय गरियो । |
| **बैठक संख्याः ७**<br>२०७५ साल कार्तिक २८ गते | ➢ समितिको कार्यविधि निर्माण एवं कार्यक्षेत्रका बारेमा गहन छलफल भयो ।<br>➢ मिति २०७५ मंसिर ४ गते प्रदेश कानून मस्यौदा तथा सुझाव आयोगसँग कानून निर्माण सम्बन्धी भए गरेका प्रगति सम्बन्धी छलफल एवं जानकारी लिने ।<br>➢ मिति २०७५ मंसिर ५ गते आन्तरिक मामिला तथा कानून मन्त्रालयसँग प्रत्यायोजित अधिकार र प्रदेश प्रहरी गठन सम्बन्धी छलफल एवं जानकारी लिने ।<br>➢ मिति २०७५ मंसिर ६ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग बजेट कार्यान्वयन र आवधिक योजना निर्माण सम्बन्धी छलफल एवं जानकारी लिने निर्णय गरियो । |

| | |
|---|---|
| **बैठक संख्याः ८**<br>२०७५ साल मंसिर ४ गते | ➢ समितिको निर्णय बमोजिम प्रदेश कानून मस्यौदा तथा सुझाव आयोगका सदस्य श्री विष्णु पोखरल बैठकमा उपस्थित भई आयोगबाट मस्यौदा भएका १३ वटा विधेयक प्रदेश सरकारको मन्त्रिपरिषदको बैठकवाट स्विकृत भई सचिवालयमा दर्ता गर्ने क्रममा रहेको र अरु केहि विधेयकलाई प्राथमिकताका साथ मस्यौदा तथा अन्तिम रुप दिने कार्य भैरहेको जानकरी गराउनु भयो।<br>➢ प्रदेश कानून मस्यौदा तथा सुझाव आयोगलाई कानून मस्यौदाको कार्यलाई तिव्रता दिन निर्देशन दिने निर्णय गरियो । |
| **बैठक संख्याः ९**<br>२०७५ साल मंसिर ५ गते | ➢ समितिको निर्णय बमोजिम मा.आन्तरिक मामिला तथा कानून मन्त्री श्री कुल प्रसाद के.सी., सचिव श्री केशवराज आचार्य र उपसचिव श्री मधु पौडेल ज्ञवालीको उपस्थिती भयो ।<br>➢ सचिव श्री केशवराज आचार्यले प्रदेश प्रहरी गठन सम्बन्धमा ऐनको प्रारम्भिक मस्यौदाको क्रममा रहेको र संघीय प्रहरी ऐन बनिनसकेको अवस्थामा प्रदेश प्रहरी गठन सम्बन्धी कानून बनाउन समस्या भएको जानकारी गराउनु भयो ।<br>➢ उपसचिव श्री मधु पौडेल ज्ञवालीले मन्त्रालयले तयार गरी प्रदेश सरकार म.प. बाट सचिवालयमा दर्ता गर्न ४ वटा विधेयकमा स्वीकृति प्राप्त गरेको र प्रदेश सभाबाट बनेका ऐनले प्रत्यायोजित गरेका अधिकार बमोजिम कुनै पनि नियमावली एवं कार्यविधि नबनेको जानकारी गराउनु भयो । साथै मन्त्रालयले मिति २०७५ श्रावण यता २३ वटा विधेयक उपर सैद्धान्तिक सहमति दिएको जानकारी गराउनु भयो ।<br>➢ मा. आन्तरिक मामिला तथा कानून मन्त्री श्री कुल प्रसाद के.सी.ले बैठकमा मा. सदस्यले उठाउनु भएका विषयका सम्बन्धमा आफ्नो धारणा सहित प्रदेश सरकार संचालन र कार्य क्षेत्रका बारेमा जानकारी गराउनु भयो ।<br>➢ प्रदेश सभाबाट पारित भएका ऐनले प्रत्यायोजित गरेको अधिकार अर्न्तगत बनेका नियम, कार्यविधि एवम् निर्देशिका प्रदेश सभालाई जानकारी गराउन र प्रदेश प्रहरी गठन सम्बन्धी कानून बनाउने प्रक्रिया अगाडी बढाउन निर्देशन दिने निर्णय गरियो । |
| **बैठक संख्याः १०**<br>२०७५ साल पुष १२ गते | ➢ प्रदेश सरकारका प्रमुख सचिवले प्रदेश सरकार गठन भए पश्चात् योजनाबद्ध ढंगले योजना बनाई कार्य गरिरहेको र अहिले कानून निर्माण र योजना निर्माणको कार्यलाई प्राथमिकतामा राखेर काम भइरहेको जानकारी दिनु भयो । सरकारका काम कार्बाहीलाई |

| | |
|---|---|
| | छिटोछरितो तथा प्रभावकारी ढंगले सम्पन्न गर्न निर्देशन दिने निर्णय गरियो ।<br>➢ प्रदेश योजना आयोगका उपाध्यक्षले आवधिक योजना निर्माण गर्नका लागि जिल्ला जिल्ला गएर सुझाव संकलन गरिएको र संकलित सुझावलाई अन्तिम रुप दिने काम भैरहेको जानकारी गराउनु भयो । आगामी वर्षको बजेट योजनामा आधारित हुने गरि काम भैरहेको र योजना निर्माण प्रकृयामा मा. प्रदेश सभा सदस्यलाई सहभागी गराउने प्रतिवद्धता व्यक्त गर्नु भयो । योजना निर्माणको कार्यमा सरोकारवाला र जनप्रतिनिधीलाई सहभागी गराउने व्यवस्था मिलाउन निर्देशन दिने निर्णय गरियो ।<br>➢ आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिवले चालु आ व २०७५।०७६ को बजेट कार्यान्वयनका सम्बन्धमा हालसम्म भएगरेका कार्यहरुको विवरण प्रस्तुत गर्नुभयो । कर संकलनको विषयलाई व्यवस्थित गराउन प्रदेशका विभिन्न जिल्लाहरुमा अन्तरक्रिया गरेको जानकारी गराउनु भयो र नदीजन्य पदार्थको संकलन एवम् निकासीमा देखिएका समस्या समाधान गर्न निर्देशन दिने निर्णय गरियो । |
| **बैठक संख्याः ११**<br>२०७५ साल पुष २० गते | ➢ प्रदेश नं. ५, जाँचबुझ आयोगको गठन तथा काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि समितिमा दफावार छलफल गरियो । |
| **बैठक संख्याः १२**<br>२०७५ साल २९ गते | ➢ प्रदेश नं. ५, जाँचबुझ आयोगको गठन तथा काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि दफावार छलफल गरियो । |
| **बैठक संख्याः १३**<br>२०७५ साल माघ १३ गते । | ➢ प्रदेश नं. ५, जाँचबुझ आयोगको गठन तथा काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सम्बन्धमा समितिबाट निर्णय भए अनुसार तयार गरिएको प्रतिवेदन पारित गरी सभामा पेश गर्ने निर्णय गरियो । |
| **बैठक संख्याः १४**<br>२०७५ साल माघ १४ गते | ➢ प्रदेश नं. ५, प्रदेश प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सम्बन्धमा नेपाल पत्रकार महासंघ प्रदेश नं. ५ का प्रतिनिधि एवम् विभिन्न सञ्चार गृहसँग आबद्ध सञ्चारकर्मीसँग छलफल गर्ने निर्णय गरियो । |

| | |
|---|---|
| **बैठक संख्याः १५**<br>२०७५ साल माघ २१ गते | ➢ प्रदेश नं. ५, प्रदेश प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सम्बन्धमा नेपाल पत्रकार महासंघ प्रदेश नं. ५ का पदाधिकारी एवम् बिभिन्न सञ्चार गृहसँग आवद्ध सञ्चारकर्मीसँग राय सुझाव लिइयो । |
| **बैठक संख्याः १६**<br>२०७५ साल फागुन ६ | ➢ प्रदेश नं. ५, प्रदेश प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको दफावार छलफल गरियो । |
| **बैठक संख्याः १७**<br>२०७५ साल फागुन ७ | ➢ प्रदेश नं. ५, प्रदेश प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको दफावार छलफल गरियो । |
| **बैठक संख्याः १८**<br>२०७५ साल फागुन २८ गते | ➢ प्रदेश नं. ५, प्रदेश प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको दफावार छलफल गरियो । |
| **बैठक संख्याः १९**<br>२०७५ साल फागुन २९ गते | ➢ प्रदेश नं. ५, संघ संस्थाहरुको दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि समितिमा दफावार छलफल गरियो ।<br>➢ प्रदेश नं. ५, संघ संस्थाहरुको दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि समितिमा दफावार छलफल प्रारम्भ गरी केही बुँदाहरु संशोधन गरियो । |
| **बैठक संख्याः २०**<br>२०७५ साल चैत्र १ गते | ➢ प्रदेश नं. ५, जिल्ला सभा तथा जिल्ला समन्वय समिति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि समितिमा दफावार छलफल गरी केही दफाहरु संशोधन गरियो । |
| **बैठक संख्याः २१**<br>२०७५ साल चैत्र १८ गते | ➢ प्रदेश नं. ५, जिल्ला सभा तथा जिल्ला समन्वय समिति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि दफा ४ देखि दफा १९ सम्म दफावार छलफल गरियो ।<br>➢ आगामी बैठकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग छलफल गर्ने निर्णय गरियो । |
| **बैठक संख्याः २२**<br>२०७५ साल चैत्र २१ गते | ➢ प्रदेश नं. ५, प्रदेश प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्बन्धी समितिको प्रतिवेदन पारित गरी प्रदेश सभामा पेश गर्ने निर्णय गरियो ।<br>➢ २. प्रदेश नं. ५, अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि दफावार छलफल गरियो,<br>➢ ३. आगामी समितिको बैठकमा विधेयक संसोधनकर्ता माननीयज्यूहरुलाई आमन्त्रण गर्ने र छलफल गरी प्रतिवेदन तयार गर्ने निर्णय गरियो । |
| **बैठक संख्याः २३**<br>२०७५ साल चैत्र २५ | ➢ प्रदेश नं. ५, अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि गहन |

| | |
|---|---|
| गते | विश्लेषण सहित तयार गरिएको प्रतिवेदन पारित गरी सभामा पेश गर्ने निर्णय गरियो ।<br>➢ समितिको बैठकमा प्रदेश नं. ५, जिल्ला सभा तथा जिल्ला समन्वय समिति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि संसोधनकर्ता माननीयज्यूको सहभागितामा छलफल गरियो ।<br>➢ प्रदेश नं. ५, संघ संस्थाहरुको दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा मन्त्रालयसँग छलफल गरियो । |
| **बैठक संख्याः २४**<br>२०७५ साल चैत्र २६ गते | ➢ जिल्ला सभा तथा जिल्ला समन्वय समिति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको प्रतिवेदन सर्व सम्मतीले पारित गरी सभामा पेश गर्ने निर्णय गरियो ।<br>➢ प्रदेश लोक सेवा आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक फिर्ता माग भएकोले सोही व्यहोरा सहितको प्रतिवेदन सभामा पेश गर्ने निर्णय गरियो । |
| **बैठक संख्याः २५**<br>२०७५ साल चैत्र २७ गते | ➢ प्रदेश नं. ५, संघ संस्थाहरुको दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि दफावार छलफल गरियो । |
| **बैठक संख्याः २६**<br>२०७६ साल वैशाख ९ गते | ➢ प्रदेश नं. ५, संघ संस्थाहरुको दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको प्रतिवेदन सर्वसम्मतीले पारित गरी सभामा पेश गर्ने निर्णय गरियो । |
| **बैठक संख्याः २७**<br>२०७६ साल वैशाख १६ गते | ➢ प्रदेश लोक सेवा आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि दफावार छलफल गरियो ।<br>➢ संशोधन कर्ता मा. सदस्यज्यूहरुले आफ्नो संशोधन माग गरेको दफा, उपदफा सम्बन्धमा धारणा प्रस्तुत गर्नुभयो । |
| **बैठक संख्याः २८**<br>२०७६ साल वैशाख १७ गते | ➢ गाउँसभा/नगरसभाको कार्य संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि दफावार छलफल गरियो ।<br>➢ संशोधनकर्ता माननीय सदस्यज्यूहरुले आफ्नो संशोधन माग गरेको दफा, उपदफा सम्बन्धमा धारणा प्रस्तुत गर्नु भयो र मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिवज्यूको उपस्थितीमा छलफल गरियो । |
| **बैठक संख्याः २९**<br>२०७६ साल वैशाख १८ गते | ➢ प्रदेश लोक सेवा आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र गाउँसभा/नगरसभाको कार्य संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको प्रतिवेदन सर्वसम्मतीले पारित गरी सभामा पेश गर्ने निर्णय गरियो । |

| | |
|---|---|
| **बैठक संख्याः ३०**<br>२०७६ साल जेठ ३ गते | ➢ माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री कुल प्रसाद के.सी. र तत् मन्त्रालयका सचिव समेतको उपस्थितिमा मन्त्रालयको बजेट सम्बन्धमा, प्रदेश भित्रका समस्याहरु मोवाइल नेटवर्क, कारागार समस्या, द्वन्द्व पिडितहरुको कार्यक्रम लगायतका विषयमा छलफल भयो र आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई देहाय अनुसार निर्देशन भयो ।<br>➢ प्रदेश नम्बर ५ भित्रका टेलिफोन नलाग्ने मुख्य सडकहरुमा टेलिफोन सुविधाको व्यवस्था गर्ने ।<br>➢ ०७५/०७६ को बजेटमा व्यवस्था भएको द्वन्द्व प्रभावितहरुको कार्यक्रम छिटो लागु गर्ने ।<br>➢ केन्द्रिय कारागार र प्रदेशिक कारागारको वर्गीकरण गरी सम्पूर्ण कारागारहरु बन्दीको क्षमता अनुसार सुधार व्यवस्थापन गर्ने ।<br>➢ प्रदेश प्रहरी गठनको लागि प्रदेश प्रहरी सम्बन्धी विधेयक सभामा यथाशिघ्र पेश गर्न निर्देशन दिने निर्णय गरियो । |
| **बैठक संख्याः ३१**<br>२०७६ साल जेठ ३२ गते | ➢ प्रदेश नं. ५ भित्र रहेका कारागारहरुको तपसील बमोजीमको समितिका मा० सदस्यहरुको सहभागीतामा समुह बनाई स्थलगत अवलोकन र अनुगमन गरी सोको बिश्लेषण सहित सुधार हुन आवश्यक देखिएका पक्षहरुको सुधार गर्नका लागी प्रदेश सभामा प्रतिवेदन पेश गर्ने गरी मा० सभामुख समक्ष कार्यक्रम स्विकृतीको लागी अनुरोध गर्ने निर्णय गरियो ।<br>➢ प्रदेश लोकसेवा आयोग गठन सम्बन्धी विधेयक पारित एवं प्रमाणीकरण भईसकेकोले प्रदेश कर्मचारी व्यवस्थापनलाई प्रभावकारी बनाउन प्रदेश लोकसेवा आयोगको गठन प्रक्रिया अघि बढाउन मुख्यमन्त्री तथा मन्त्रीपरीषद्को कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।<br>➢ प्रदेश निजामती सेवालाई प्रभावकारी र प्रतिफल प्राप्त गर्नका लागी प्रदेश निजामती सेवा ऐन सम्बन्धी विधेयक छिटो मस्यौदा गरी प्रदेश सभा समक्ष पेश गर्न मुख्यमन्त्री तथा मन्त्रीपरीषद्को कार्यालयलाई निर्देशन दिने ।<br>➢ बुटवल उप महानगरपालीका वडा नं. १ जितगढीमा बसोवास गर्दै आएका केही वसोवासीहरुलाई उपमहानगरले डोजर लगाई घर हटाईएको बिषय र बाँके जिल्ला डुडुवा गा.पा. १ चौखेरीमा प्राकृतिक बिपत्ती चट्याङ्गका कारणले भएको क्षती प्रती समितिको गम्भीर ध्यानाकर्षण भयो । |

| | |
|---|---|
| **बैठक संख्याः ३२**<br>२०७६ असार २ गते | ➢ माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री कुल प्रसाद के.सी. र मन्त्रालयका उपसचिव समेतको उपस्थितिमा बुटवल उप महानगरपालिका वडा नं. १ जितगढीमा बसोवास गर्दै आएका केही वासिन्दाहरुको उपमहानगरले घर हटाएको बिषय र बाँके जिल्ला डुडुवा गा.पा. १ चौखेरीमा भएको प्राकृतिक बिपत्ती चट्याङ्गका कारणले भएको क्षति सम्बन्धमा साथै कारागारहरुको स्थलगत अवलोकन र अनुगमन गर्ने सम्बन्धमा छलफल भई अनुगमन गर्ने निर्णय गरियो । |
| **बैठक संख्याः ३३**<br>२०७६ असार ९ गते | ➢ बुटवल उप-महानगरपालिका वडा नं. १ जितगढीमा बसोवास गर्दै आएका केही बासिन्दाहरुको उप-महानगरले घर, टहरा हटाएको बिषयमा गठित उप-समितिको प्रतिवेदन संयोजक माननीय श्री भोज प्रसाद श्रेष्ठबाट समितिमा पेश भयो र प्रतिवेदनमाथि समितिमा छलफल भई घरबार बिहीन भएका पीडित बासिन्दाहरुलाई प्रदेश सरकारले जनता आवास कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालय र बुटवल उप-महानगरपालिकासँग समन्वय गरी यथासिघ्र समस्या समाधान गर्न प्रदेश सरकालाई निर्देशन दिने निर्णय गरियो ।<br>➢ मिति २०७६।०२।३२ को ३१ औं वैठकले निर्णय गरे बमोजिम गठित टोलीले मिति २०७६।०३।१२ गते देखि प्रदेश नं. ५ मा रहेका कारागारहरुको अनुगमन गर्ने ।<br>➢ आ.व. २०७५।०७६ मा प्रदेश मन्त्रालयको अनुदानबाट जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र जिल्ला कारागार कार्यालय मार्फत सञ्चालन भएका देहायका कार्यक्रमहरुको मिति २०७६।०३।०९ को निर्णय अनुसार अनुगमन गर्ने निर्णय गरियो ।<br>क) विपद व्यवस्थापन (भण्डारण तथा पुर्व सुचना) ।<br>ख) CCTV जडान ।<br>ग) कारागार मर्मत सम्भार । |

## २.२. उप समितिको गठन र कार्य

यस आ.व. २०७५।०७६ मा यस समितिले दुईवटा उपसमिति गठन गरी निम्न कार्यहरु गरेको छ ।

(क) यस समितिले आफ्नो स्थलगत अध्ययनको सिलसिलामा बुटवल उपमहानगरपालिकाले वडा नं. ३ जितगढी स्थिति केही स्थानीय बासिन्दाहरुको घर टहरा भत्काइएको विषयमा स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गर्नुका साथै समस्या समाधानको लागि सरकारलाई निर्देशन दिएको थियो ।

(ख) यस प्रदेश भित्र रहेको ११ वटा जिल्लाका १२ वटा कारागारहरुको अवस्था बुझ्नको लागि दुईवटा समुह बनाई स्थलगत अनुगमन तथा निरिक्षण गरी अनुगमनका क्रममा देखिएका समस्या समाधानको लागि प्रदेश सरकारलाई ध्यानाकर्षण गराउने र निर्देशन दिने र संघीय सरकारको सम्वन्धित निकायलाई सुझाव दिने र संघीय संसदको राज्य व्यवस्था समितिलाई समेत आवश्यक जानकारी दिने गरि प्रतिवेदन तयारी गरिएको छ ।

(ग) प्रदेश मामिला तथा कानून समितिको आ.व. २०७५।०७६ को वार्षिक प्रतिवेदन तयारीको लागि मा. सदस्य श्री भोज प्रसाद श्रेष्ठज्यूको संयोजकत्वमा मा. सदस्य श्री रमा अर्याल र मा. सदस्य श्री भगवती देवी भण्डारीज्यू सहितको उपसमिति गठन गरिएको थियो ।

## २.३. विधायन सम्बन्धी भएका समितिका मुख्य कार्य विवरणहरु

समितिमा प्राप्त विधेयक संख्याः ९ रहेकोमा विधेयकहरुमाथि दफावार छलफल सहित प्रतिवेदन तयार गरी सभामा पेश भएको र पारित भएको ।

| क्र.सं. | विधेयकको नाम | जम्मा संसोधन | संसोधन कर्ता मा. सदस्य |
|---|---|---|---|
| १. | प्रदेश नं. ५, प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | १ | मा. दिनेश पन्थी |
| २. | प्रदेश नं. ५, जाँचबुझ आयोगको गठन तथा काम, कर्तव्य र अधिकारको | ३ | मा. इन्द्र प्रसाद खरेल<br>मा. तिलकरामा शर्मा<br>मा. कुल प्रसाद पाखरेल<br>मा. सरस्वती गौतम<br>मा. पार्वती पुन गहतराज<br>मा. गीता थापा |
| ३. | प्रदेश नं. ५, मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवा अन्य सर्तका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | १ | मा. निर्मला क्षेत्री |
| ४. | प्रदेश नं. ५, प्रदेश प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २ | मा. दधिराम न्यौपाने<br>मा. इन्द्र प्रसाद खरेल<br>मा. तिलकरामा शर्मा<br>मा. अष्टभूजा पाठक |
| ५. | प्रदेश नं. ५, अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | १ | मा. इन्द्र प्रसाद खरेल |
| ६. | प्रदेश नं. ५, जिल्ला सभा तथा जिल्ला समन्वय समिति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २ | मा. कुल प्रसाद पोखरेल<br>मा. दिनेश पन्थी<br>मा. कृष्णध्वज खड्का<br>मा. लौटी थारु |
| ७. | प्रदेश नं. ५ संघ संस्थाहरुको दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | १ | मा. इन्द्र प्रसाद खरेल<br>मा. तिलकरामा शर्मा |
| ८. | गाउँ सभा/नगर सभाको कार्य सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | १ | मा. कुल प्रसाद पोखरेल |
| ९. | प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | १ | मा. कृष्णध्वज खड्का<br>मा. तुलाराम घर्ती |

## परिच्छेद-३

## निर्णय/निर्देशन कार्यान्वयन सम्बन्धी


### ३.१ निर्णय/निर्देशन कार्यान्वयनको अवस्था

| बैठक संख्या | निर्देशन सम्बन्धी विवरण | दिर्नेशन दिएको निकाय | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| वैठक संख्या : ६ मिति २०७५ साल भाद्र १५ गत | ➢ आ.व. ०७४।०७५ को कार्यक्रम र प्रगतिको विवरण यस समितिमा पेश गर्न मन्त्रालयलाई निर्देशन दिने निर्णय गरिएको । | आन्तरिक मामिला तथा कानून मन्त्रालय | कार्यान्वयन भएको |
| वैठक संख्याः ८ २०७५ साल मंसिर ४ गते | ➢ प्रदेश कानून मस्यौदा तथा सुझाव आयोगलाई कानून मस्यौदाको कार्यलाई तिव्रता दिन निर्देशन दिईएको । | प्रदेश कानून मस्यौदा तथा सुझाव आयोग | कार्यान्वयन भएको |
| वैठक संख्याः ९ २०७५ साल मंसिर ५ गते | ➢ प्रदेश सभाबाट पारित भएका ऐनले प्रत्यायोजित गरेको अधिकार अर्न्तगत बनेका नियम, कार्यविधि एवम् निर्देशिका प्रदेश सभालाई जानकारी गराउन र प्रदेश प्रहरी गठन सम्बन्धी कानून बनाउने प्रकिया अगाडि बढाउन निर्देशन दिईएको । | आन्तरिक मामिला तथा कानून मन्त्रालय | कार्यान्वयन नभएको |
| वैठक संख्याः १० २०७५ साल पुष १२ गते | ➢ सरकारका काम कार्वाहीलाई छिटोछरितो तथा प्रभावकारी ढंगले सम्पन्न गर्न निर्देशन दिईएको ।<br>➢ योजना निर्माणको कार्यमा सरोकारवाला र जनप्रतिनिधीलाई सहभागी गराउने व्यवस्था मिलाउन निर्देशन दिईएको ।<br>➢ कर संकलनको विषयलाई | प्रदेश प्रमुख सचिव, योजना आयोगका उपाध्यक्ष र अर्थ सचिव | कार्यान्वयन भएको |

| | | | |
|---|---|---|---|
| | व्यवस्थित गराउन र नदीजन्य पदार्थको संकलन एवम् निकाशीमा देखिएका समस्या समाधान गर्न निर्देशन दिईएको । | | |
| वैठक संख्याः ३० २०७६ साल जेठ ३ गते | ➢ प्रदेश भित्रका समस्याहरु मोवाइल नेटवर्क, कारागार समस्या, द्वन्द्व पिडितहरुको कार्यक्रम लगायतका विषयमा छलफल भयो र आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई निर्देशन गरिएको । | आन्तरिक मामिला तथा कानून मन्त्रालय | कार्यान्वयन भएको |
| वैठक संख्याः ३१ २०७६ साल जेठ ३२ गते | ➢ प्रदेश लोकसेवा आयोग गठन सम्बन्धी विधेयक पारीत एबं प्रमाणिकरण भई सकेकोले प्रदेश कर्मचारी ब्यवस्थापनलाई प्रभावकारी बनाउन प्रदेश लोकसेवा आयोगको गठन प्रक्रिया अघि बढाउन मुख्यमन्त्री तथा मन्त्रीपरीषद्को कार्यालयलाई निर्देशन दिईएको ।<br>➢ प्रदेश निजामती सेवालाई प्रभावकारी र प्रयाप्तताको लागी प्रदेश निजामती सेवा ऐन सम्बन्धी बिधेयक छिटो ड्राफ्ट गरी प्रदेश सभा समक्ष पेश गर्न मुख्यमन्त्री तथा मन्त्रिपरीषद्को कार्यालयलाई निर्देशन दिएको । | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कार्यान्वयन भएको<br>कार्यान्वयन नभएको |
| वैठक संख्याः ३३ २०७६ असार ९ गते | ➢ बुटवल उप-महानगरपालिका वडा नं. १ जितगढीमा | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कार्यान्वयन भएको |

| | | | |
|---|---|---|---|
| | बसोवास गर्दै आएका केही बासिन्दाहरुको उप-महानगरले घर, टहरा हटाएको बिषयमा गठित उप-समितिको प्रतिवेदन समितिमा पेश भयो र प्रतिवेदनमाथि समितिमा छलफल भई घरबार बिहीन भएका पीडित बासिन्दाहरुलाई प्रदेश सरकारले जनता आवास कार्यक्रम अन्तर्गत सम्बन्धित कार्यालय र बुटवल उप-महानगरपालिकासँग समन्वय गरी यथासिघ्र समस्या समाधान गर्न प्रदेश सरकालाई निर्देशन दिईएको । | | |

माथि तालिकामा उल्लेख गरिएको निर्देशन कार्यान्वयको अवस्थालाई वृत्त चित्रमा प्रस्तुत गर्दा :



### ३.२ निर्णय/निर्देशन कार्यान्वयनको समस्या

- संविधानमा व्यवस्था भएको संघ र प्रदेशको साझा सूचिमा रहेका ऐन निर्माणको प्रक्रियामा संघीय मापदण्द अनुसार गर्नुपर्ने व्यवस्था भएको र आधार र मापदण्ड समयमै प्राप्त नहुँदा अत्यावश्यक केही ऐन निर्माणमा ढिलाई भएको ।
- प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बन्ने नियम, निर्देशिका र कार्यविधि तथा सरकारी आश्वासन व्यवस्थापन प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकेको ।
- सार्वजनिक महत्व तथा जनसरोकारका विषयमा उठेका प्रश्नको जवाफ तथा स्पष्टीकरण नियमावली बमोजिम उपयुक्त समयमै दिनु पर्ने व्यवस्थालाई अझ प्रभावकारी बनाउन आवश्यक भएको ।
- समिति र सरकारबीच सहज समन्वयको अभाव ।

## परिच्छेद-४

## कार्य सम्पादनका समस्या

### ४.१. समितिको कार्य सम्पादनमा देखिएका समस्या

- कानून निर्माणको दृष्टिकोणले प्रदेश सरकार संक्रमणकालिन अवस्थामा नै रहेको र प्रदेश निजामति सेवा ऐन संघीय मापदण्ड र आधारको पर्खाईमा रहेकोले प्रदेश कर्मचारी व्यवस्थापन पूर्ण हुन नसक्दा समितिमा समेत कर्मचारी बारम्बार परिवर्तन भई समितिको काम कारबाहीमा समस्या भएको ।
- प्रत्यायोजित विधायन र सरकारी आश्वासन सम्बन्धमा प्रयाप्त काम हुन नसकेको ।
- कानून निर्माण पछिको जाँच परीक्षण (Post Legislative Scrutiny) सम्बन्धमा थालनी हुन सकेको छैन ।
- समितिको काम कारबाहीलाई प्रविधिमैत्री (Digitalized) बनाउन सकिएको छैन ।
- रुची र ज्ञानको आधारमा समितिका माननीय सदस्यहरुको छनोट नहुँदा बैठकमा माननीय सदस्यहरुको सक्रियता सहभागितामा कमी देखिन्छ ।
- समितिलाई अध्ययन/भम्रण, अन्तरक्रिया/छलफल लगायतका कार्यक्रमका लागि प्रयाप्त बजेटको व्यवस्था हुन सकेको छैन ।
- समितिका माननीय सदस्यहरु तथा कर्मचारीहरुका लागि आवश्यक वैदेशिक भ्रमण/अध्ययन/तालिम उपलब्ध हुन सकेको छैन ।
- कानून, न्याय तथा मानव अधिकारसँग सम्बन्धित विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका दस्तावेज तथा पुस्तकहरुको प्रयाप्त उपलब्धता छैन ।
- माननीय सदस्यहरुको समितिको काम कारवाहीलाई नियमित र प्रभावकारी बनाउन बैठक कार्यविधि र आचार संहिताको पालना पूर्ण रुपले गर्न गराउन नितान्त आवश्यक रहेको ।
- विधेयक दर्ता हुनु अगावै मन्त्रालय स्तरीय कार्यबाही प्रकृयाको सघन अध्ययन, परामर्श र समन्वयको अभावका कारण ऐन निर्माणमा सकारात्मक प्रभावमा असर परेको देखिन्छ ।

# परिच्छेद-५

## निष्कर्ष, सुझाव तथा सिफारिस

### ५.१ निष्कर्ष

संविधान सभाबाट २०७२ सालमा निर्मित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधान अनुरुप नेपाल एकात्मक संरचनाबाट संघीय राष्ट्र बन्न पुग्यो । यस संघीय स्वरुप बमोजिमको पहिलो निर्वाचन स्थानीय तहको वैशाख देखि आषाढसम्म र प्रदेश तथा संघको निर्वाचन मंसिरमा सम्पन्न भए पनि विभिन्न संवैधानिक र कानूनी अड्चनका कारण प्रदेश सभाले वैधानिकता (सपथ ग्रहण) २०७४ माघ ७ गते सम्पन्न भयो ।

पहिलो प्रदेश सभा गठन भइरहँदा प्रदेश सभासँग आफ्नै बैठक र काम कारवाही अगाडि बढाउने कुनै कार्यविधि थिएन । प्रदेश सभा आफैंले आफूलाई सञ्चालन गर्ने नियमावली तथा अन्य कार्यविधि बनाई सञ्चालन गर्नुपर्ने अवस्थाले प्रदेश सभा सञ्चालन र समितिहरुको काम कर्तव्य र अधिकार सम्बन्धी कार्यहरुमा केही ढिला र केही कमजोरी देखिए तापनि समितिले आफूलाई परिस्कृत गर्दै संसदीय समितिले निर्वाह गर्नुपर्ने महत्वपूर्ण जिम्मेवारी कुशलताका साथ निर्वाह गरेको छ । यस अवधिमा समितिका ३३ वटा बैठक सम्पन्न भएका छन् । यसलाई सन्तोष जनक मान्नु पर्छ । यो अवस्थामा सरकारले धेरै मेहनत गरेर आवश्यक कर्मचारी, संगठनात्मक संरचना निर्माण गऱ्यो । यो अवस्थामा सरकारसँग धेरै आशा गर्न सकिँदैन्थयो तर यसका बावजुत पनि आवश्यक कानून निर्माण, भएका संयन्त्र परिचालन, अनुगमन, नियमन र आम जनतामा पुऱ्याउन सकिने परिवर्तन प्रतिको विश्वसनीयता प्रदर्शन गर्न पनि सरकार पछि परेको देखिदैन । यसका अलवा विभिन्न मन्त्रालयबाट आफ्नो कार्य प्रगति प्रकाशित गर्ने, सरोकारवालाहरुसँग बारम्बार अन्तरक्रिया गर्ने, आफूले एक वर्षमा गरेको कार्य प्रगति सार्वजनिक गरी आम जनतासँग थप राय सुझाव माग गर्ने, दीर्घकालिन र ३ वर्षे योजनाको आधार-पत्र तयारी गरी आफू व्यवस्थित ढंगले अगाडि बढ्दै गरेको सन्देश प्रवाह गर्ने, लथालिङ्ग र अव्यवस्थित रहने परियोजनाहरुलाई परियोजना बैंक मार्फत व्यवस्थित गर्ने प्रयास जस्ता महत्वपूर्ण कार्यहरु अगाडि बढेका छन् ।

प्रदेश सरकार गठन भई रहेको अवस्थामा भौतिक संरचना र मानव स्रोत साधान दुबै प्राय शुन्य अवस्थामा थियो । संघीय सरकारले निर्माण गर्नुपर्ने कानूनहरु बनिसकेका थिएनन् । प्रदेश सरकारले त आफैले शुन्यबाट सुरु गर्नुपर्ने अवस्था थियो । प्रदेश सरकार मातहतका निकायहरु के कहाँ र कसरी सबैको अवस्था शुन्य जस्तै थियो । सरकारको नीति कार्यक्रम र बजेट लागु गर्ने निकायहरु नहुँदा अन्योलग्रस्त हुनु स्वभाविक थियो । प्रदेश गठन भएको झण्डै ८ महिनापछि मात्र कर्मचारी समायोजन मार्फत कर्मचारीहरु प्राप्त भए । त्यसपछि संगठन संरचनाहरु तयारी गरी तिव्र गतिमा बजेट कार्यान्वयन प्रक्रिया अगाडि बढ्यो । प्रदेश स्थापनाको पहिलो वर्ष कानून निर्माण र सरकारी संरचना निर्माणको वर्ष जस्तै बन्यो । यसका साथै सरकारले आवधिक योजना

समेतलाई पूर्णता दियो । वार्षिक समिक्षा हेर्दा सरकारले झण्डै ७८% बजेट कार्यान्वयन गरेको देखिन्छ । विविध चुनौतिका बावजुद यति बजेट कार्यान्वयन हुने कुरा खुसीको कुरा हो । तर संघीयता कार्यान्वयनसँगै जनताका आकांक्षाहरु निकै बढेको देखिन्छ । प्रदेश सरकार जनताबाट नजिक पनि छ त्यसैले आगामी दिनमा सतप्रतिशत बजेट कार्यान्वय गर्ने गरी जनतालाई छिटो छरितो र गुणस्तरिय सेवा प्रदान गर्न सक्नु पर्छ । यस कार्यको लागि समितिले सरकारलाई आवश्यक सल्लाह, सुझाव र सहयोग पुऱ्याउनुका साथै हरेक काम छिटो छरितो गर्न निर्देशन गर्दछ ।

कानून निर्माण सम्बन्धी नीतिगत र व्यवहारिक प्रशिक्षणको माध्यमबाट प्रदेश सभाका सदस्यहरुमा कानून निर्माणको क्षेत्रमा क्षमता अभिवृद्धि भएको छ । विधेयकहरुमा गहिरो अध्ययन गरी आवश्यकताका आधारमा परिमार्जन गर्ने र ऐन अन्तर्गत बन्ने निवयमावली र निर्देशिकाहरु समेत कानून सरहका हुने हुँदा त्यसमा समेत विशेष ध्यान पुऱ्याउने र धेरै कुराको सम्बोधन ऐन मार्फत नै हुने गरी कानून निर्माणमा जोड दिइएको छ ।

प्रदेश सरकारको काम कार्यवाहीको निगरानी गर्ने क्रममा समिति चनाखो भएर लागेको तथा प्रदेश सरकारका हरेक क्रियाकलापको अनुगमन तथा सरकारात्मक र नकारात्मक कुराको लेखाजोखा गरी सदनमा प्रश्न उठाउने समेत गरेको कारणबाट प्रदेश सभाको संसदीय अभ्यासमा समेत सकारात्मक प्रभाव पर्दै गएको देखिन्छ । आगामी दिनहरुमा समेत प्रदेश सरकारका कार्यको अनुगमन र मुल्याङ्कन मात्रै नभई संविधान र ऐन कानूनको कसीमा परीक्षण गरी सरकारको कार्यमा प्रभावकारीता ल्याउन समेत सहयोगी भूमिका खेल्ने छ ।

**५.२ सुझाव तथा सिफारिस**

- मन्त्रालयले कानून निर्माण प्रक्रियामा प्रदेशका सरोकारवाला तथा जनतासँग अन्तरक्रियात्मक कार्यक्रम गरी कानून निर्माण र कार्यान्वयनका सम्बन्धमा सुझाव लिनुपर्ने ।
- समितिमा प्राप्त विधेयकहरुमाथि पर्याप्त छलफल गरी पारित गर्नुपर्ने ।
- कानूनी निर्माण पछिको जाँच परीक्षण (Post Legislative Scrutiny) को थालनी गरी आवश्यक अध्ययन अनुसन्धान मार्फत कानून को प्रभावकारी कार्यान्वयनलाई जोड दिनुपर्ने ।
- विधेयकको मस्यौदा तर्जुमाको चरण देखि नै सरोकारवालाहरुसँग व्यापक छलफल अन्तरक्रिया गर्नुपर्ने ।
- ऐन निर्माण पछि प्रत्यायोजित व्यवस्थापन अन्तरगत बनेका नियम, निर्देशिका, कार्यविधि विधायिकी मनसाय अनुरुप बने नबनेको विषय सन्दर्भमा यस समितिमा

जानकारी हुनुपर्नेमा हालसम्म कुनै मन्त्रालय वा निकायबाट सोको जानकारी प्राप्त हुन नसकेकोले अविलम्ब जानकारी गराउनु पर्ने ।

- सरकारी आश्वासन र प्रतिबद्धता कार्यान्वयन प्रति मन्त्रालय पूर्ण जवाफदेही हुन नसकेकोले जवाफदेही हुनुपर्ने र प्रतिवद्धताहरु पुरा गरी जनतालाई आस्वस्त तुल्याउनु पर्ने ।
- समितिलाई थप क्रियाशिल र प्रभावकारी बनाउन समितिमा रहेका राजनीतिक दलका सदस्यहरु बीच निरन्तर रुपमा सहकार्य र समन्वय कायम हुनुपर्ने ।
- समितिका माननीय सदस्यहरुलाई कानूनी मस्यौदा निर्माणका सम्बन्धमा नियमित रुपमा विज्ञहरुसँग अन्तरक्रिया गराउनु पर्ने ।
- समितिलाई वैदेशिक अध्ययन/भ्रमण, अन्तरक्रिया/छलफल लगायतका कार्यक्रमका लागि प्रयाप्त बजेटको व्यवस्था हुनुपर्ने ।
- संसदीय अध्ययन अनुसन्धानमा विशेष जोड दिई समितिको गतिविधिसँग सम्बन्धित पुराना अभिलेखहरुलाई व्यवस्थित गर्नुपर्ने ।
- समिति बैठककक्ष र सचिवालयलाई आधुनिक प्रविधियुक्त बनाउनु पर्ने ।
- संसदीय समितिको काम कारवाहीलाई प्रभावकारी बनाउन सचिवालयमा कार्यरत सम्पूर्ण कर्मचारीलाई नियमित रुपमा क्षमता अभिवृद्धिका कार्यक्रममा अनिवार्य सहभागिता गराउनुपर्ने ।
- प्रदेशको स्थायी राजधानी नतोकिएकोले स्थाई संरचनाको लागि आवश्यक भौतिक पूर्वाधार निर्माणमा ढिलाई भएको ।
- बजेट तथा कार्यक्रम समयमै सम्बन्धित निकायमा पुगोस र कार्यन्वयन प्रक्रिया अगाडि बढोस भन्ने उद्देश्यले संविधानमा नै बजेट पेश हुने कार्यतालिका राखिए तापनि कार्यान्वय प्रक्रिया पुरानै शैलीमा भएकोले सो सम्बन्धमा विशेष ध्यान दिई कार्यान्वयन गर्नुपर्ने ।
- प्रदेश भित्र रहेका कारागारमा भौतिक पूर्वाधार तथा मानवअधिकारको दृष्टिकोणबाट धेरै कमी/कमजोरी रहेकोले समितिको प्रतिवेनमा दिईएका सुझाव अनुरुप सुधार हुनुपर्ने ।
- स्थायी राजधानी तोक्दा एउटै हाताभित्र मन्त्रालय र कार्यालयहरु रहने व्यवस्था गरी एकद्वार प्रणालीबाट सेवा प्रारम्भ गर्नुपर्ने ।
- मानव अधिकार, सुशासन र प्रदेशको शान्ति सुरक्षाका लागि प्रदेशले आवश्यक सुरक्षा संयन्त्रहरु खडा गरी तत्काल अपराधिक घटनाहरुलाई न्युनिकरण गर्ने जनतालाई सुरक्षाको प्रत्याभूति गराउनु पर्ने ।

- प्रदेश भित्रका स्थानीय तहमा कानून निर्माण लगायत तोकिएका मुद्दाहरुको मेलमिलापबाट निरुपण गर्ने अधिकार दिइएको भएपनि दक्ष कर्मचारीको अभावमा प्रभावकारी हुन नसकेकोले १०९ वटै तहमा कानून अधिकृतहरुको व्यवस्था हुनुपर्ने ।
- प्रदेश सभामा बारम्बार उठ्ने गरेका जनतासँग प्रत्यक्ष रुपमा सरोकार राख्ने मल, बीउ जस्ता विषयहरु संघीय सरकारको मातहतमा रहेको कारण प्रदेश सरकारले जवाफ दिन नसक्ने अवस्था देखिन्छ । जनसरोकारसँग जोडिएका यस्ता महत्वपूर्ण विषयहरु प्रदेश सरकारको महतह सञ्चालन गर्नको लागि व्यवस्था गर्नुपर्ने ।

## अनुसूचीहरु

## अनुसूची १ : समितिको कार्यविधि र विधेयक सम्बन्धी प्रतिवेदनहरु

### अनुसूची १ (क) समितिको कार्यविधि

### प्रदेश मामिला तथा कानून समितिको कार्यविधि, २०७६

**प्रस्तावना** : प्रदेश मामिला तथा कानून समितिको काम कारवाहीलाई व्यवस्थित, प्रभावकारी र मर्यादित बनाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १९३ तथा प्रदेश नं. ५ को प्रदेश सभा नियमावली, २०७४ को नियम १४५ बमोजिम समितिले यो कार्यविधि, २०७६ बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "प्रदेश नं. ५, प्रदेश मामिला तथा कानून समितिको कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि समितिले पारित गरेको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "नियमावली" भन्नाले प्रदेश नं. ५ को प्रदेश सभा नियमावली, २०७४ सम्झनुपर्छ ।

(ख) "समिति" भन्नाले प्रदेश नं. ५ को प्रदेश मामिला तथा कानून समितिलाई सम्झनु पर्छ ।

(ग) "उप-समिति" भन्नाले समितिको बैठकबाट गठन गरिएको उप-समिति सम्झनु पर्छ ।

(घ) "बैठक" भन्नाले समिति वा उप-समितिको बैठक सम्झनु पर्छ ।

(ङ) "सभापति" भन्नाले प्रदेश नं. ५ को प्रदेश मामिला तथा कानून समितिको सभापति सम्झनु पर्छ र सो शब्दले सभापतिको चयन नभएसम्म समितिको सभापतिको रुपमा काम गर्ने समितिको सबै भन्दा ज्येष्ठ सदस्यलाई सम्झनु पर्छ ।

(च) "सदस्य" भन्नाले प्रदेश नं. ५ को प्रदेश मामिला तथा कानून समिति र उप-समितिको सदस्यलाई सम्झनु पर्छ ।

(छ) "समितिको कार्यविधि" भन्नाले प्रदेश मामिला तथा कानून समितिको कार्यविधि सम्झनु पर्छ ।

(ज) "संयोजक" भन्नाले समितिले गठन गरेको उप-समितिको संयोजक सम्झनु पर्छ ।

(झ) "सचिव" भन्नाले प्रदेश सभा सचिवालयले प्रदेश मामिला तथा कानून समितिमा सचिवको काम गर्न खटाएको कर्मचारी सम्झनु पर्छ ।

३. **समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार हुनेछ** :

(क) प्रदेश सभा नियमावली २०७४ को दफा ४६ ले प्रदान गरेको अधिकार प्रयोग गर्ने,

(ख) नियमित रुपमा बैठक बसी कार्ययोजना निर्माण गर्नुका साथै भएका कामका सन्दर्भमा समिक्षा गर्ने,

(ग) आवश्यक मात्रामा उप-समितिहरुको गठन गरी सदस्यहरुको जिम्मेवारी तोक्ने,

(घ) सदस्यहरु परिचालनको योजना बनाउने,

(ङ) उपसमितिहरुबाट प्राप्त प्रतिवेदन, राय र योजनामा छलफल गरी निर्णय दिने,
(च) समिति तथा उप-समितिहरुबाट प्रस्तुत भएका कार्ययोजनामा आवश्यक पर्ने बजेट समितिबाट निर्णय गराई प्रदेश सभा सचिवालय मार्फत माग गर्ने ।

४. **सभापतिको काम, कर्तव्य र अधिकार :**

(क) समितिको बैठक बोलाउने तथा बैठकको अध्यक्षता गर्ने,
(ख) प्रदेश सभा नियमावलीले प्रदान गरेको अधिकार प्रयोग गर्ने,
(ग) निर्णय भएका विषयमा सम्बन्धित निकायको ध्यानाकर्षण गराउने,
(घ) समितिको तर्फबाट अन्य निकायसँग हुने काम, कारवाहीमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने,
(ङ) समितिलाई नेतृत्व प्रदान गर्ने,
(च) प्रचलित ऐन, नियम बमोजिम तोकिएका कार्यहरु गर्ने ।

५. **सदस्यको काम, कर्तव्य र अधिकार :**

(क) समिति तथा उप-समितिको बैठकमा सहभागिता जनाउने, छलफलमा भाग लिने, विषयमा राय प्रस्तुत गर्ने,
(ख) आफूलाई प्रदान गरिएको जिम्मवेवारी रचनात्मक तथा सृजनात्मक तरिकाबाट निर्वाह गर्ने,
(ग) सभापति तथा उप-समितिको संयोजकले तोकेको अन्य कार्य गर्ने,
(घ) समिति, उप-समितिको काम प्रभावकारी रुपमा सम्पन्न गर्न दत्तचित्त भई कार्य गर्ने,
(ङ) समिति, उप-समितिले गर्नुपर्ने कामको सन्दर्भमा योजना बनाई समिति तथा उप-समितिको बैठकमा पेश गर्ने,
(च) आफूलाई प्रदान गरिएका जिम्मेवारी तथा कामको विवरण समिति तथा उप-समितिको बैठकमा राख्ने ।
(छ) सभापति तथा उप-समितिको संयोजकलाई सहयोग गर्ने,
(ज) समिति तथा उप-समितिबाट भएका कामका सन्दर्भमा सभापति र संयोजकबाट जानकारी लिने ।

६. **समितिको बैठक :**

(क) आवश्यकता अनुसार समितिको बैठक बस्न सक्नेछ,
(ख) समितिको बैठक समितिको सभापतिले बोलाउने छ,
(ग) बैठकको अध्यक्षता सभापतिबाट हुनेछ,
(घ) समितिको गणपुरक संख्या समितिको सम्पूर्ण सदस्य संख्याको एक चौथाई हुनेछ,
(ङ) कुनै पनि सदस्यले छलफलमा भाग लिन वा प्रश्न सोध्न चाहेमा सभापतिको अनुमति लिनु पर्नेछ,
(च) बैठकको शुरुमा नै कार्यसूचीमा परेका विषय वस्तुको प्रकृति र महत्वलाई ध्यानमा राखी बैठकको समयावधि निर्धारण गरिनेछ । आवश्यकता अनुसार सदस्यहरुले बोल्ने

समयको निर्धारण गरी छलफल गरिनेछ र छलफलमा भाग लिने सदस्यले छलफलको विषयमा केन्द्रित रही निर्धारित समयभित्र आफ्नो विचार राख्नु पर्नेछ,

(छ) विशेष कारणवश: सभापतिलाई सूचना दिएको अवस्थामा बाहेक बैठक प्रारम्भ भए पश्चात् अन्त्य नभएसम्म सदस्यहरु बैठकमा उपस्थिति रहनु पर्नेछ,

(ज) बैठकको विषय वस्तुमा केन्द्रित रहन र बैठकलाई मर्यादित तुल्याउन मोवाइल वा संचार सेटलाई आफ्नो अनुकुल व्यवस्थापन गर्नु सवैको कर्तव्य हुनेछ,

(झ) बैठक व्यवस्थापन र संचालनका सम्बन्धमा सभापतिको निर्णय अन्तिम हुनेछ,

(ञ) समितिको बैठक संचालनमा समितिका सबै सदस्यहरुले सभापतिलाई सहयोग गर्नु पर्नेछ,

(ट) समितिको बैठकमा मत बराबर भएमा सभापतिले निर्णायक मत दिन पाउनेछ,

(ठ) बैठक बोलाईसकेको अवस्थामा कुनै कारणले सभापति उपस्थित हुन नसक्ने भएमा उपस्थित सदस्यहरु मध्ये ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ,

(ड) समितिको गतिशिलतालाई ध्यानमा राखी समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(ढ) सामान्यतया बैठक तोकिएको समयमै बस्नेछ । गणपुरक संख्या नपुगेको अवस्थामा तोकिएको समय देखि बढीमा १५ मिनेटसम्म धैर्यता राखिने छ । बैठकमा ढिलो उपस्थित हुनुको कारण सम्बन्धित माननीय सदस्यले सम्बोधन गर्नुपर्ने छ ।

(ण) हरेक आर्थिक वर्ष अगाडि र वार्षिक समिक्षा बैठकबाट कार्य प्रगति मुल्यांकन बैठक बस्ने छ ।

७. **उप-समिति गठन :** समितिको अधिकार क्षेत्रभित्र रहेको कामलाई व्यवस्थित र छिटो छरितो ढंगबाट संचालन गर्न फरक-फरक क्षेत्रमा काम गर्ने गरी उप-समिति गठन गरी जिम्मेवारी प्रदान गर्न सक्नेछ । निश्चित कार्यक्रम र योजनाको लागि समयावधि तोकेर उपसमिति गठन गर्न सकिने छ । उपसमितिको काम, कर्तव्य र अधिकार समितिले तोकेबमोजिम हुनेछ ।

८. **उप-समितिको बैठक :**

(क) आवश्यकता अनुसार उप-समितिको बैठक बस्न सक्नेछ,

(ख) उप-समितिको बैठक उप-समितिको संयोजकले बोलाउनेछ,

(ग) बैठकको अध्यक्षता संयोजकले गर्ने छ तर, संयोजकको अनुपस्थितिमा ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(घ) उप-समितिको बैठकमा समितिका सभापतिलाई आवश्यकता अनुसार बोलाउन सक्नेछ,

(ङ) कामको प्रकृति र आवश्यकताको आधारमा नियमावलीको अधिनमा रही उप-समितिको बैठक उप-समितिको संयोजकले तोकेको स्थानमा बस्न सक्नेछ ।

(च) समितिले आवश्यक देखेमा सम्बन्धित विषयका विज्ञ, विशेषज्ञ वा जानकार व्यक्तिलाई उप-समितिको बैठकमा बोलाउन सक्नेछ ।

९. **जिम्मेवारी हेरफेर :** उप-समितिमा राखिएका सदस्यहरुको माग र कामको अनुभवको आधारमा एक पटकको लागि समितिका सभापतिले जिम्मेवारी हेरफेर गर्न सक्नेछ ।

१०. **सदस्यलाई ध्यानाकर्षण:** समिति, उप-समितिमा रहेर जिम्मेवारी पुरा नगर्ने सदस्यहरुको कामको मुल्यांकन गर्दै सभापतिले बैठक मार्फत सम्बन्धित सदस्यलाई ध्यानाकर्षण गराउन सक्नेछ ।

११. **सदस्यको दायित्व** : उप-समितिको काम कारवाहीमा सहयोग पुऱ्याउनु र प्राप्त जिम्मेवारी पुरा गर्नु सदस्यहरुको दायित्व हुनेछ ।

१२. **समितिमा पेश गर्ने:** उप-समितिले गरेका काम कारवाहीको विवरण समितिको बैठकमा प्रस्तुत गर्नु पर्नेछ ।

१३. **आचार व्यवहार :** प्रदेश सभा नियमावलीको व्यवस्था अनुसार आचार व्यवहारको पालना गर्नु प्रत्येक सदस्यको कर्तव्य हुनेछ ।

## अनुसूची १ (ख) विधेयक सम्बन्धी प्रतिवेदनहरु

## प्रदेश नं. ५ प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको प्रतिवेदन

१. प्रदेश नं. ५ प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (यस पछि विधेयक भनिएको) को दफा २ मा परिभाषित गरिएका शब्दलाई पहिलो मर्यादाक्रम अनुसार राख्ने अनि बाँकी शब्दलाई वर्णानुक्रम अनुसार राख्ने ।

२. विधेयकको दफा ६ को खण्ड (ख) पछि देहायको खण्ड (ग) थपी खण्डक्रम मिलाउने,
(ग) सचिवालयका कर्मचारीहरुको वृत्ति विकास एवं सुविधा निर्धारण सम्बन्धी कार्य गर्ने ।

३. विधेयकको दफा ९ को:
(१) खण्ड (ख) को सट्टा देहाय खण्ड (ख) राख्ने ।
(ख) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट कानून, प्रशासन, व्यवस्थापन, राजनीतिशास्त्र, अर्थशास्त्र वा समाजशास्त्र विषयमा स्नाकोत्तर प्राप्त गरी सार्वजनिक प्रशासनमा अनुभव प्राप्त गरेको ।
(२) खण्ड (३) मा रहेका “चालिस वर्ष” भन्ने शब्दहरुको सट्टा “पैतिस वर्ष” भन्ने शब्दहरु राख्ने ।

४. विधेयकको दफा १३ को उपदफा (३) मा रहेको “दफा १०” भन्ने शब्द र अंकको सट्टा “दफा ११” भन्ने अंक राख्ने ।

५. विधेयकको दफा २० को उपदफा (४) मा रहेको “को दुई तिहाईको हिसाबले हुने एक मुष्ट रकम” भन्ने शब्द झिक्ने ।

६. विधेयकको दफा २१ को खण्ड (घ) मा रहेका “दफा १०” भन्ने शब्द र अंकको सट्टा “दफा ११” भन्ने अंक राख्ने ।

७. विधेयकको दफा २४ मो सट्टा देहायको दफा २४ राख्ने:
**२४.कर्मचारीः** (१) सचिवालयले निर्धारित दरबन्दीमा प्रदेश लोकसेवा आयोगको माध्यमबाट आवश्यक कर्मचारीको व्यवस्था गर्नेछ ।
(२) उपदफा (१) बमोजिमका कर्मचारी व्यवस्था नभएसम्मको लाीग प्रदेश सरकारले उपलब्ध गराउने छ ।
(३) उपदफा (२) बमोजिमका कर्मचारी व्यवस्था नभएसम्मको लागि संघीय सरकारले कर्मचारी उपलब्ध गराउनेछ ।

८. विधेयकको दफा २६ पछि देहायको दफा २७ थपी दफाक्रम मिलाउने :
**२७. भत्ता र अन्य सुविधा :** (१) कर्मचारीले प्रत्येक वर्ष प्रदेश सभाबाट बजेट पारित भएपछि खाइपाई आएको एक महिनाको तलब बराबरको रकम प्रोत्साहन स्वरुप पाउनेछ ।
**स्पष्टीकरण:** यस उपदफाको प्रयोजनको लागि “कर्मचारी” भन्नाले प्रदेश सभाको कामको लागि सचिवालयको दरवन्दीमा रही सचिवालयबाटै पारिश्रमिक पाउने तथा बजेटमाथिको छलफलको अवधिमा पन्ध्र दिन भन्दा बढी सचिवालयमा निरन्तर काजमा रहेका कर्मचारी समेतलाई जनाउँछ ।

(२) प्रदेश सभाको अधिवेशन वा वैठक र समितिको वैठक चलेका समयमा काममा संलग्न पदाधिकारी वा कर्मचारीलाई समितिले निर्धारण गरे बमोजिमको रकम थप सुविधाको रुपमा र बढी समय काममा लगाउनु परेमा समितिले निर्धारण गरे बमोजिमको खाजा, खान र ओभर टाइम लगायतका अन्य सुविधा दिने सक्नेछ ।

(३) कर्मचारीको भत्ता तथा अन्य सुविधा समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**प्रदेश नं. ५, जाँचबुझ आयोगको गठन तथा काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको प्रतिवेदन**

१. प्रदेश नं. ५, जाँचबुझ आयोगको गठन तथा काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ( यस पछि " विधेयक " भनिएको ) को दफा ३ को,-

(१) उपदफा (२) मा रहेका " वा प्रदेश सरकारका बहालवाला सचिव " भन्ने शब्दहरु पछि "वा पूर्व सचिव" भन्ने शब्दहरु थप्ने ।

(२) उपदफा (४) मा रहेको " व्यवस्था " भन्ने शब्द झिकि सोही उपदफामा रहेका " निर्धारण गर्न सक्नेछ " भन्ने शब्दहरुको सट्टा " उपलब्ध गराउनेछ " भन्ने शब्दहरु राख्ने ।

२. विधेयकको दफा ४ को उपदफा (४) को खण्ड (ङ) मा रहेका " प्रदेशभन्दा " भन्ने शब्दहरुको सट्टा " प्रदेशको क्षेत्राधिकार " भन्ने शब्दहरु राख्ने ।

३. विधेयकको दफा ६ को सट्टा देहायको दफा ६ राख्ने : -

६. **आयोगको अवहेलना र सजाय** : (१) आयोगको काम, कर्तव्य र अधिकारमा बाधा पु-याएमा आयोगको अवहेलना मानिनेछ ।

(२) आयोगले आफ्नो अवहेलनामा कारवाही चलाउन सक्नेछ र आयोगको अवहेलना ठह-याएमा रु. दश हजारसम्म जरिवाना गर्न सक्नेछ ।

तर आयोगलाई सन्तोष हुनेगरी अभियुक्तले क्षमायाचना गरेमा निजलाई आयोगले माफी दिन वा सजाय तोकिएको भए सो सजाय माफ गर्न सक्नेछ ।"

**प्रदेश नं. ५, मुख्य न्यायाधिवक्तको काम, कर्तव्य र अधिकार तथा सेवा र अन्य सर्तका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको प्रतिवेदन**

१. मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवा र अन्य सर्तका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (यस पछि विधेयक भनिएको) को लामो शिर्षकमा रहेका "सवा र अन्य" भन्ने शब्दका बीचमा रहेको "र" भन्ने शब्दको सट्टा "का" भन्ने शब्द राखी लामो शिर्षकको अन्त्यमा रहेको "२०७५" भन्ने अंक झिक्ने ।

२. विधेयकको विधि निर्माण सुधरमा रहेका "नेपालको संविधानको धारा १७५ बमोजिमको" भन्ने शब्दहरुको सट्टा "प्रदेश नं. ५" भन्ने शब्द र अंक राख्ने ।

३. विधेयकको दफा ३ को उपदफा (२) मा रहेको "विशेष" भन्ने शब्दहरुको पछाडी "र स्थानीय सरकार" भन्ने शब्दहरु थप्ने ।

४. विधेयकको दफा ८ को उपदफा (१) मा रहेको "विशेष" भन्ने शब्दका पछाडी "लिखित" भन्ने शब्द थप्ने ।

५. विधेयकको दफा ११ को उपदफा (३) मा रहेको "तीन" भन्ने शब्दको सट्टा "दुई" भन्ने शब्द राख्ने ।

६. विधेयकको दफा १७ को सट्टा देहायको दफा १७ राखी दफा १८, १९, २०, २१, २२, २३, २४, २५ र २६ थपी दफा क्रम मिलाउने :

**१७. विदाः** मुख्य न्यायाधिवक्ताले देहायका विदाहरु पाउनेछः

(क) भैपरी आउने विदा,

(ख) पर्व विदा,

(ग) घर विदा,

(घ) विरामी विदा,

(ङ) किरिया विदा,

(च) विशेष विदा,

(छ) प्रसुति विदा,

(ज) प्रसुति स्याहार विदा ।

**१८. भैपरी/पर्व विदाः** (१) मुख्य न्यायाधिवक्ताले प्रत्येक वर्ष पुरा पारिश्रमिक सहितको ६ दिन भैपरी आउने विदा र ५ दिन पर्व विदा लिन पाउनेछ ।

(२) एक वर्षको भैपरी र पर्व विदा अर्को वर्षलाई संचित गर्न पाईने छैन ।

(३) भैपरी र पर्व विदा आधा दिन समेत लिन पाइनेछ ।

**१९.घर विदाः** (१) मुख्य न्यायाधिवक्ताले काम गरेको अवधिको बाह्र दिनको एक दिनको दरले पुरा पारिश्रमिक सहितको घर विदा पाउनेछ ।

(२) उपदफा (१) बमोजिमको घर विदा बढीमा एक सय पचास दिनसम्म संचित गरी राख्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम संचित रहेको घर विदा वापत मुख्य न्यायाधिवक्ता पदमा नरहेमा आफूले खाईपाई आएको पारिश्रमिकको दरले हुन आउने रकम एकमुष्ट लिन पाउनेछ ।

**२१. किरिया विदाः** मुख्य न्यायाधिवक्ता आफैले किरिया बस्नु पर्दा कुल धर्म वा संस्कार अनुसार बढीमा पन्ध्र दिनको पारिश्रमिक सहितको किरिया विदा पाउनेछ ।

**२२. विशेष विदाः** कुनै विशेष कारणले मुख्य न्यायाधिवक्तालाई लामो समयसम्म विदा आवश्यक परेमा कारण उल्लेख गरी एक वर्षम बढीमा तीस दिन खाईपाई आएको आधा पारिश्रमिक सहितको विदा लिन सक्नेछ ।

**२३. प्रसुति विदाः** (१) महिला मुख्य न्यायाधिवक्ताले प्रसुतिको अघिपछि गरी अन्ठानब्बे दिन प्रसुति विदा लिन पाउने छ ।

(२) उपदफा (१) बमोजिम प्रसुति विदा लिएको मुख्य न्यायाधिवक्ताले चाहेमा थप छ महिनासम्म बेतलवी प्रसुति लिन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको विदा लगातार रुपमा लिनु पर्ने छ ।

(४) उपदफा (१) बमोजिमको प्रसुति विदामा बस्ने मुख्य न्यायाधिवक्ताले पुरा तबल पाउने छ ।

**२४. प्रसुति स्याहार विदाः** (१) मुख्य न्यायाधिवक्ताको पत्नी सुत्केरी हुने भएमा त्यस्तो मुख्य न्यायाधिवक्ताले सुत्केरीको अघि वा पछि गरी पन्ध्र दिन प्रसुति स्याहार विदा लिन पाउनेछ ।

(२) प्रसुति स्याहार विदामा बस्ने मुख्य न्यायाधिवक्ताले पुरा तलव पाउनेछ ।

**२५.विदा दिने पदाधिकारी :** (१) मुख्या न्यायाधिवक्ताले भैपरी विदा र पर्व विदा आफैले लिन सक्नेछ ।

तर अन्य विदाको स्वीकृति मुख्यमन्त्रीबाट लिनु पर्ने छ ।

(२) मुख्य न्यायाधिवक्ताले विदा बसेको जानकारी मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई दिनु पर्नेछ र एकै पटक तीन दिन भन्दा लामो समय विदामा बस्नु परेमा मुख्यमन्त्रीको स्वीकृति लिुन पर्नेछ ।

**२६. सञ्चय कोषः** मुख्य न्यायाधिवक्ताको पारिश्रमिकबाट दश प्रतिशतका दरले रकम कट्टा गरी त्यस्तो रकममा प्रदेश सरकारले शत प्रतिशत रकम थप गरी कर्मचारी सञ्चय कोषमा जम्मा गरिदिनेछ ।

७. विधेयकको दफा २१ मा रहेको “८” भन्ने अंकको सट्ट “१०” भन्ने अंक राख्ने ।

८. विधेयकको अनुसूची १ को शिर्षकमा रहेको “दफ” भन्ने पछाडी “१२ र” भन्ने अंक र शब्द थप ऐ. अनुसुचीको क्र.सं. ७ मोविल शिर्षक महलमा रहेको “६” भन्ने अंकको सट्टा “५” भन्ने अंक राख्ने ।

## प्रदेश नं. ५, प्रदेश प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको प्रतिवेदन

१. प्रदेश नं. ५, प्रदेश प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (यस पछि "विधेयक" भनिएको) को दफा २ को,-

(१) खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राख्ने :-

"(ज) "प्रसारक" भन्नाले प्रसारण संस्थाबाट प्रसारण हुने कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने व्यक्ति र संगठित संस्थालाई सम्झनुपर्छ ।"

(२) खण्ड (ञ) मा रहेका " सामाजिक सञ्जाल" भन्ने शब्दहरुको सट्टामा "इन्टरनेट" भन्ने शब्द राख्ने ।

(३) खण्ड (त) पछि देहायको खण्ड (थ) थपि खण्डक्रम मिलाउने :-

"(थ) "सञ्चारकर्मी" भन्नाले प्रसारण संस्थामा कार्यरत पत्रकार, संवाददाता, दृष्य तथा अडियो सम्पादक, क्यामरा पर्सन, अन्तरवार्ताकार, कार्यक्रम प्रस्तोता, कार्यक्रम उत्पादक, प्राविधिक एवम् प्रसारण संस्थामा कार्यरत अन्य सञ्चारकर्मीलाई जनाउनेछ ।"

२. विधेयकको दफा ४ को सट्टा देहायको दफा ४ राख्ने : -

" ४. **<u>इजाजत पत्र लिनुपर्ने</u>** : प्रसारकले इजाजत पत्र लिएर प्रसारण गर्नुपर्नेछ ।"

३. विधेयकको दफा ६ मा रहेका " कार्यक्रम प्रसारण गर्न " भन्ने शब्दहरु झिक्ने ।

४. विधेयकको दफा ७ मा रहेको " राष्ट्रहरुसँग " भन्ने शब्दको सट्टा " संघ, प्रदेश र स्थानीय तहबीच" भन्ने शब्दहरु राख्ने ।

५. विधेयकको दफा ८ लाई दफा ८ को उपदफा (१) कायम गरी देहायको उपदफा (२) थप गर्नेः-

"(२) उपदफा (१) बमोजिम स्वीकृत भई आएका स्याटेलाइट तथा केबुल टेलिभिजन वितरकले स्थानीय तथा सामुदायिक टेलिभिजनलाई प्राथमिकता दिई प्रसारण गर्नुपर्नेछ ।"

६. विधेयकको दफा १० को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्ने :-

"(क) कृषि, पर्यटन, उद्योग, शिक्षा, स्वास्थ्य, विज्ञान तथा प्रविधि, वाणिज्य र वन तथा वातावरण संरक्षण जस्ता विकासमूलक कार्यक्रम,"

(२) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राख्ने :-

"(च) लोकतान्त्रिक मूल्य, मान्यता एवम् संस्कारको विकास गराउने र जनतामा सामाजिक चेतना बढाउने कार्यक्रम ।"

(३) खण्ड (झ) पछि देहायका खण्ड (ञ), (ट), (ठ) र (ड) थप गर्ने :-

"(ञ) विशेष अवस्था र क्षमता भएका व्यक्तिका गतिविधि,

(ट) लोपोन्मुख, पछाडी पारिएका वर्ग र समुदायका गतिविधि,

(ठ) नीतिगत रुपमा प्रदेश सरकारको प्राथमिकतामा परेका कार्यक्रम र क्षेत्र,

(ड) प्रसारण गर्दा कम्तिमा ५० प्रतिशत प्रदेश भित्रका गतिविधि समावेश हुनुपर्नेछ ।"

७. विधेयकको दफा ११ मा रहेका " कार्यक्रम निष्पक्ष, सरल तथा प्रभावकारी बनाउन " भन्ने शब्दहरुको सट्टा " कार्यक्रम उत्पादन तथा प्रसारण गर्दा " भन्ने शब्दहरु राख्ने ।

८. विधेयकको दफा १४ को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्ने :-

"(क) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनता, संघीय इकाइबीचको सु- सम्बन्ध वा सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्ने कार्य,"

(२) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राख्ने :-

"(ग) हिंसा र आंतकलाई प्रश्रय दिने सामाग्री,"

९. विधेयकको दफा १६ को उपदफा (२) को ,-

(१) खण्ड (ख) मा रहेका " कसैको चरित्र हत्या वा अपमान हुने " भन्ने शब्दहरुको सट्टा " व्यक्तिको गोपनियता हनन हुने वा गाली बेइज्जत हुने वा चरित्र हत्या हुने " शब्दहरु राख्ने ।

(२) खण्ड (घ) मा रहेका " संकलन तथा " भन्ने शब्दहरु झिक्ने ।

१०. विधेयकको दफा १७ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्ने :-

" (१) कसैले प्रसारण संस्थाको इजाजत पत्र नलिइ वा कार्यक्रम प्रसारणको स्वीकृती नलिइ कुनै कार्यक्रम प्रसारण गरे गराएमा त्यस्तो व्यक्तिलाई तोकिएको

अधिकारीको आदेशबाट इजाजत पत्र तथा अनुमति पत्र वापत लाग्ने दस्तुर वा शुल्क असुल गरी सो तोकिएको दस्तुर वा शुल्क बराबरको रकम जरिवाना हुनेछ ।"

(२) उपदफा (४) पछि देहायको उपदफा (५) थप्ने :-

" उपदफा (४) बमोजिम इजाजतपत्र रद्द गर्नु अघि प्रदेश सरकारले त्यस्तो प्रसारण संस्थालाई आफ्नो सफाइ पेश गर्न मौका दिनु पर्नेछ ।"

११. विधेयकको दफा १९ मा " सम्भावना छ भन्ने लागेमा " भन्ने शब्दहरु पछि " सम्बन्धित प्रसारण संस्थाको अनुरोधमा " भन्ने शब्दहरु थप गर्ने ।

## प्रदेश नं. ५, अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा व्यवहार र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको प्रतिवेदन

१. दाफा २ को परिभाषाःमा

खण्ड (ग) मा "बासिन्दा" भन्नाले प्रदेश नं. ५ भन्ने शब्दका पछाडी रहेका सबै शब्दहरु हटाई त्यसको सट्टामा ***"भित्र स्थायी बसोबास गरेका नेपाली नागरिक र अन्य प्रदेशबाट अस्थाई रुपमा यस प्रदेश भित्र बसोबास गरी आएका नेपाली नागरिक सम्झनु पर्छ।"*** भन्ने शब्दहरु थप गर्ने।

२. **दफा ५ को जरिवाना र क्षतिपूर्तिः मा**

उपदाफा (१) कसैले अर्को प्रदेशको बासिन्दा भन्ने शब्दको पछाडी रहेको ***वा विदेशी नागरिक*** भन्ने शब्द हटाउने।

उपदफा (२) पछि उपदफा (३) थप गरी ***"यस ऐन विपरितको काम कारबाहीबाट कसैलाई कुनै हानी वा नोक्सानी पुगेमा त्यस्तो हानी वा नोक्सानी पुग्ने पक्षलाई मनासिब माफिकको क्षतिपूर्ति भराईदिनु पर्ने छ।"*** भन्ने शब्द राख्ने।

साविकका उपदफाहरुहरुलाई क्रमसः (३) लाई **(४)** र (४) लाई **(५)** उल्लेख गर्ने।

३. दफा ६ को ***"विशेष सुविधा सम्बन्धी व्यवस्था"*** भन्ने शब्दहरु हटाई त्यसको सट्टामा **"विशेष सुविधा प्रदान गर्न सक्ने"** भन्ने शब्दहरु राख्ने।

यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपालको संविधानको धारा १८ को उपधारा (३) को प्रतिवन्धात्मक वाक्याशंमा उल्लेख भएको वर्ग वा समुदायका प्रदेश नं. ५ का बासिन्दाहरुको संरक्षण, सशक्तीकरण वा विकासका लागि प्रदेश कानून बमोजिम प्रदेश सरकारले थप सेवा सुविधा प्रदान गर्न सक्नेछ।

## प्रदेश नं. ५, जिल्ला सभा तथा जिल्ला समन्वय समिति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको प्रतिवेदन

१. प्रदेश नं. ५, जिल्ला सभा तथा जिल्ला समन्वय समिति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (यस पछि "विधेयक" भनिएको ) दफा १ को उपदफा (१) मा रहेको समिति भन्ने शब्द पछि "सञ्चालन" थप्ने ।

२. **विधेयकको दफा २ को,-**

(१)खण्ड (च) मा रहेका "वा प्रदेशस्तरका कार्यालय समेतलाई सम्झनुपर्छ" भन्ने शब्दहरुको सट्टा "समेतलाई जनाउछ" भन्ने शब्दहरु राख्ने ।

(२) खण्ड (छ) झिकि खण्डक्रम मिलाउने ।

(३) साविकको खण्ड (ट) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ञ) पछि देहायको खण्ड (ट) थप गर्ने :-

" (ट) "स्थानीय तह" भन्नाले यस प्रदेश भित्रका गाउँपालिका, नगरपालिका र उपमहानगरपालिका सम्झनु पर्छ ।"

३. **विधेयकको दफा ३ को उपदफा (१) को,-**

(१) खण्ड (क) मा रहेका "गाँउपालिका वा नगरपालिकाबीच" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह" भन्ने शब्दहरु राख्ने ।

(२) खण्ड (ख) मा रहेका "प्रभावकारिता तथा व्यवस्थापनका" भन्ने शब्दहरु पछि "सूचक तयार गरी ति सूचकका आधारमा" भन्ने शब्दहरु थप गर्ने ।

(३) खण्ड (ग) मा रहेका "गाँउपालिका तथा नगरपालिका" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह" भन्ने शब्दहरु राख्ने ।

(४) खण्ड (घ) मा रहेका "गाँउपालिका तथा नगरपालिका" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह" भन्ने शब्दहरु राख्ने ।

(५) खण्ड (ङ) मा रहेका "गाँउपालिका तथा नगरपालिका" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह" भन्ने शब्दहरु राख्ने र कुनै विवद उत्पन्न भएमा सोको समाधानका लागि भन्ने शब्दहरुका पछी "**सघ र प्रदेशसँग परामर्श** भन्ने शब्द राख्ने ।

(६) खण्ड (च) मा रहेका "निकाय" भन्ने शब्दको सट्टा "तह" भन्ने शब्द राख्ने ।

(७) खण्ड (ज) मा रहेका "गाँउपालिका, नगरपालिका र उपमहानगरपालिका" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह" भन्ने शब्दहरु राख्ने ।

(८) खण्ड (झ) मा रहेको "दिने" भन्ने शब्दको सट्टा "पेश गर्ने" भन्ने शब्दहरु राख्ने ।

(९) खण्ड (ञ)मा रहेका "गाँउपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह" भन्ने शब्दहरु राख्ने ।

(१०) खण्ड (ट)मा रहेका "गाँउपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह" भन्ने शब्दहरु राख्ने ।

(११) खण्ड (ठ) मा रहेका "गाँउपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह" भन्ने शब्द राखी सोहि खण्डमा रहेका " नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५" भन्ने शब्दहरुको सट्टा "प्रचलित कानून" भन्ने शब्दहरु राख्ने ।

(१२) खण्ड (ड), (ढ) र (ण) झिकि बाँकी खण्डको खण्डक्रम मिलाउने ।

(१३) साविकको खण्ड (थ) खण्डक्रम मिलाउदा कायम हुने खण्ड (ढ) मा रहेका "गाँउपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह" भन्ने शब्द राखी सोही खण्डमा रहेको "तर्जुमा" भन्ने शब्दको सट्टामा "बनाएका" भन्ने शब्द राख्ने।

(१४) साविकको खण्ड (द) खण्डक्रम मिलाउदा कायम हुने खण्ड (ण) मा रहेको "गरी" भन्ने शब्दको सट्टा "गर्दा" भन्ने शब्द र "लिने" भन्ने शब्दको सट्टा "सुझाव सहितको प्रतिवेदन दिने" भन्ने शब्दहरु राख्ने ।

(१५) साविकको खण्ड (न)खण्डक्रम मिलाउदा कायम हुने खण्ड (थ)मा रहेका" नगरपालिका र गाउँपालिकाहरु" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह' र "सबै तहका सरकारलाई सुझाव दिने" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र जिल्लाबाट प्रतिनिधित्व गर्ने संघीय संसद र प्रदेश सभाका सदस्यलाई प्रतिवेदन दिने" भन्ने शब्दहरु राख्ने ।

४. विधेयकको बाँकी दफाहरुमा समितिको आगामी वैठकमा छलफल गर्ने ।

**५. दफा १२ को सभा तथा समितिमा छलफल गर्न नपाइनेः मा**

खण्ड (ग) हटाउने

खण्ड (घ) लाइ ग बनाउने ।

खण्ड ङ र च हटाउने ।

खण्ड छ लाइ घ बनाउने ।

## प्रदेश नं. ५, संघ संस्थाहरुको दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको प्रतिवेदन

१. प्रदेश नं. ५, संघ संस्थाहरुको दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (यस पछि "विधेयक" भनिएको ) को प्रस्तावनाको सट्टामा देहायको प्रस्तावना राखे :-

"**प्रस्तावना** : शैक्षिक, बौद्धिक, वैज्ञानिक, सामाजिक - सांस्कृतिक, धार्मिक, साहित्यिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकाले,"

२. विधेयकको दफा २ को खण्ड (ग) का केही शब्दहरू थपघट गरी क्रमबद्धता मिलाइएको छ "संस्था" भन्नाले कुनै सामाजिक, साहित्यिक, साँस्कृतिक, वैज्ञानिक, कल्याणकारी, धार्मिक, शैक्षिक, बौद्धिक, अनुसन्धानमूलक, शारीरिक, व्यावसायिक, परोपकारी काम गर्ने वा कुनै पेशागत हक हित संरक्षण गर्ने, सामुदायिक विकास गर्ने, पर्यावरण संरक्षण गर्ने वा कुनै अधिकार, सुशासन वा सामाजिक न्यायको पैरवी गर्ने उद्देश्यले स्थापना हुने कुनै संघ, संस्था, क्लब, परिषद्, संगठन, समिति, मञ्च, केन्द्र, फाउण्डेशन आदि जुनसुकै नाम दिइएको संस्था सम्झनु पर्छ ।

खण्ड च पछि खण्ड छ थपी "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ । बाँकी रहेका खण्डक्रम मिलाउने ।

३. विधेयकको दफा ४ को,-

(१) उपदफा (३) मा रहेका "प्रदेश नं. ५" भन्ने शब्दहरु र अंकको सट्टा "यस प्रदेश भित्र" भन्ने शब्दहरु राखे ।

(२) उपदफा (७) मा रहेका "बमोजिमको अभिलेख" भन्ने शब्दहरु पछि "सम्बन्धित" भन्ने शब्द राखे ।

४. विधेयकको दफा ५ को उपदफा (३) मा रहेको "पैतिस" भन्ने शब्दको सट्टा "एक्काइस" भन्ने शब्द राखे ।

५. विधेयकको दफा ६ को दफा शिर्षकमा रहेको "अघि" भन्ने शब्द झिकि सोहि दफामा रहेको "तीन " भन्ने शब्दको सट्टा "दुई" भन्ने शब्द राखे ।

६. विधेयकको दफा ७ को उपदफा (२) को प्रतिवन्धात्मक वाक्यांशमा रहेको "पूर्व" भन्ने शब्द झिक्ने ।

७. विधेयकको दफा ८ को,-

(१) उपदफा (२) मा रहेका "चित्त नबुझ्ने व्यक्तिले" भन्ने शब्दहरु पछि "एक्काइस दिन भित्र" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (३) मा रहेका "कुनै अपराध वा विराम" भन्ने शब्दहरुको सट्टा "गैर कानूनी काम" भन्ने शब्दहरु राख्ने ।

८. विधेयकको दफा ९ को सट्टा देहायको दफा ९ राख्ने :

" ९. <u>**आय व्ययको विवरण पठाउनु पर्ने**</u> :- (१) प्रत्येक संस्थाले प्रत्येक वर्ष लेखा परिक्षण गराउनु पर्नेछ ।

(२) प्रवन्ध समितिले आफ्नो संस्थाको आय व्ययको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिन भित्र प्रत्येक वर्ष संस्था दर्ता अधिकारी समक्ष पठाउनु पर्नेछ ।"

९. विधेयकको दफा १० को,-

(१) उपदफा (३) मा रहेको "दिनु" भन्ने शब्द झिकि सोहि उपदफामा रहेका "को कर्तव्य हुनेछ" भन्ने शब्दहरुको सट्टा "ले दिनु पर्नेछ" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्ने :-

" (४) आय व्यय जाँच गर्ने अधिकृतले संस्था दर्ता अधिकारीले तोकिदिएको म्याद भित्र आय व्यय जाँचको प्रतिवेदन संस्था दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (४) पछि देहायको उपदफा (५) थप्ने :-

" (५) संस्थाको कुनै सम्पति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको प्रतिवेदनमा देखिएमा संस्था दर्ता अधिकारीले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानि नोक्सानि असुल उपर गर्न कानूनबमोजिम कारबाही चलाउन पर्नेछ ।

तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन सम्बन्धित निकायलाई लेखि पठाउन पर्नेछ ।"

१०. विधेयकको दफा ११ को,-

(१) उपदफा (१) र (२) मा रहेका " सम्म " भन्ने शब्द झिक्ने ।

(२) उपदफा (३) मा रहेका " वा सोधेको प्रश्नको जवाफ " र " सम्म " झिक्ने ।

(३) उपदफा (४) पछि देहायको उपदफा (५) थप्ने :-

" (५) उपदफा (४) बमोजिम संस्था खारेज गर्नु अघि संस्था दर्ता अधिकारीले त्यस्तो संस्थालाई आफ्नो सफाइ पेश गर्न मौका दिनु पर्नेछ ।

११. विधेयकको दफा १६ को दफा शिर्षकमा रहेका "संस्था दर्ता अधिकारीको" भन्ने शब्दहरु पछि " अन्य " भन्ने शब्द राख्ने ।

१२. विधेयकको ठाउँ ठाउँमा रहेको "हिसाब" भन्ने शब्दको सट्टा "आय व्यय" भन्ने शब्दहरु राखी रुपान्तर गर्ने ।

१३. दफा १९ को संस्था दर्ता अधिकारी र निकाय भन्ने शब्दका पछाडी रहेका सबै शब्दहरू हटाइ त्यसको सट्टामा "संस्था दर्ता, संचालन तथा नियमन गर्नको लागि प्रदेश निजामति सेवाको राजपत्रांकित कम्तिमा सातौँ तहको अधिकृत कर्मचारीलाई संस्था दर्ता अधिकारी तोकि निजको कार्यालय प्रदेश मन्त्रालयमा रहने छ ।" भन्ने शब्द राख्ने ।

१४. दफा २० को खारेजी र भन्ने शब्द हटाई बचाउ भन्ने शब्द मात्र राख्ने ।

**<u>गाउँ सभा/नगर सभाको कार्य संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको प्रतिवेदन</u>**

**१. दफा १ को संक्षिप्त नाम र प्रारम्भ : मा**
उपदफा (१) को **<u>२०७५</u>** भन्ने अंकको सट्टा **"२०७६"** भन्ने अंक राख्ने ।

२. दफा २ को खण्ड (झ) ऐनको मस्यौदा शब्दको पछि रहेको **वा ऐन** भन्ने शब्द हटाउने ।

**३. दफा १६ को बैठकमा पालना गर्नु पर्ने कुराहरुः मा**
खण्ड (च) मा **<u>गर्नु</u>** भन्ने शब्दको सट्टा **"गर्न"** भन्ने शब्द राख्ने ।

४. दफा १७ को (च) मा खलल भन्ने शब्दका पछि **"पर्ने"** शब्द थप गर्ने ।

५. दफा १८ को अन्तिम खण्ड **<u>(घ)</u>** लाई **"(ङ)"** र **<u>(ङ)</u>** लाई **"(च)"** बनाउने ।

६ दफा २८ को **<u>उपर</u>** भन्ने शब्द हटाउने ।

७. दफा ३४ को **<u>सूचाना</u>** भन्ने शब्दको सट्टा **"सूचना"** भन्ने शब्द राख्ने ।

८. दफा ६७ मा खण्ड (ग) मा सुशासन भन्ने शब्दका अगाडि **"योजना तथा"** भन्ने शब्द थप गर्ने ।

९. दफा ७० को खण्ड (ज) को अन्तिमको **<u>र</u>** भन्ने अक्षर हटाउने र खण्ड (झ) अन्तिमको **<u>,(कमा)</u>** हटाएर **"र"** अक्षर राख्ने ।

१०. दफा ८१ को **<u>अनुपस्थितिको सूचना</u>** भन्ने शब्द हटाई त्यसको सट्टामा **"सूचना दिनु पर्नेः"** भन्ने शब्द राख्ने ।

११. दफा ८३ को खण्ड (च) मा व्यक्तिगत भन्ने शब्द पछी रहेको **<u>, कमा</u>** हटाउने र आर्थिक फाईदा भन्ने शब्द पछीको **<u>वा</u>** हटाई **",कमा"** राख्ने, शुल्क पछी **"वा"** शब्द थप गरी पारिश्रमिक शब्द पछीको **<u>पारितोषिक</u>** भन्ने शब्द हटाउने ।

१२. दफा ८९ को उपदफा (१) मा प्रदेश सभाको सदस्यलाई भन्ने शब्दको **<u>लाई</u>** भन्ने शब्द हटाई **", जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुखले"** भन्ने शब्दहरु थपी सो को अन्तमा रहेको **<u>अध्यक्षले अनुमति दिन सक्नेछ</u>** भन्ने शब्दहरु हटाई त्यसको सट्टामा **"सक्नेछन्"** भन्ने शब्द राख्ने ।
उपदफा (२) सभालाई सम्बोधन भन्ने शब्द पछि रहेको **गर्न अनुमती प्राप्त** भन्ने शब्दहरु हटाई त्यसको सट्टामा **"गर्ने"** शब्द राख्ने ।

**प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको प्रतिवेदन**

१. **प्रस्तावनाः को**
तेस्रो लाइनमा रहेको सार्वजनिक प्रशासनलाई भन्ने शब्दका पछाडी **"समयानुकूल रुपान्तरित,"** भन्ने शब्द थप गर्ने ।

२. **दफा १ को संक्षिप्त नाम, विस्तार र प्रारम्भ : को**
उपदफा (१) ऐन भन्ने शब्दका पछाडी रहेको **२०७५** भन्ने हटाई त्यसको सट्टामा **"२०७६"** भन्ने शब्द राख्ने ।
उपदफा (२) को **भर** भन्ने शब्दको सट्टा **"मा"**भन्ने शब्द राख्ने ।

३. **दफा २ को परिभाषाः को**
खण्ड (ङ) को **तथा वा** भन्ने शब्द हटाई त्यसको सट्टामा **"र"** भन्ने अक्षर राख्ने ।
खण्ड (ञ) मा रहेको दुई प्रदेश शब्द मध्ये एक **प्रदेश** शब्द हटाउने ।

४. **दफा ३ को प्रदेश लोक सेवा आयोग : को**
उपदफा (५) को केही शब्दहरु थपघट गरी त्यसको सट्टा **"आयोगका सदस्यहरु मध्ये कम्तीमा एक जना सदस्य बीस वर्ष वा सोभन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेका व्यक्तिहरु मध्येबाट र बाँकी सदस्यहरु विज्ञान, प्रविधि, कला, साहित्य, कानून, जनप्रशासन, समाजशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्य गरेका व्यक्तिहरुमध्येबाट नियुक्त हुनेछन् ।"** भन्ने शब्दहरु राख्ने ।

५. **दफा ६ को :**
उपदफा (४) मा आयोगको बैठकमा भन्ने शब्दका पछाडी **"सामान्यतया"** भन्ने शब्द थप गर्ने र बहुमतको निर्णय मान्य हुनेछ भन्ने शब्दका पछाडी रहेको र भन्ने अक्षर हटाई **"तर"** भन्ने शब्द राख्ने ।

६. **दफा ७ को**
उपदफा (६) को खण्ड (ङ) को विषयमा भन्ने शब्दका पछाडी रहेको **", (कमा)"** हटाउने ।

७. **दफा ११ को शैक्षिक योग्यता निर्धारणः को**
उपदफा (१) को प्रदेश निजामती सेवा भन्ने शब्दका पछाडी **"प्रदेश प्रहरी सेवा"** भन्ने शब्दहरु थप गर्ने ।

८. **दफा २० को परीक्षा दस्तुर फिर्ता पाउने : को**
उपदफा (१) भन्ने अंक हटाई तेस्रो लाइनमा रहेको व्यक्तिले भन्ने शब्दका पछाडी **ले फिर्ता पाउने** भन्ने शब्द हटाई ***"को बैंक खातामा जम्मा गरि दिनु पर्ने छ ।"*** भन्ने शब्द राख्ने ।
उपदफा (२) हटाउने ।

९. **२४ को उत्तरपुस्तिका परीक्षणः को**
उपदफा (१),(२),(४),(५),(६) मा प्रयोग भएका **दक्ष, विषय विज्ञ, विशेषज्ञ** भन्ने शब्द को सट्टामा **"विषय विज्ञ"** भन्ने शब्द राख्ने ।
उपदफा (६) मा रहेको उपदफा **(१)** को सट्टामा उपदफा "**(५)**" राख्ने ।

**१०. दफा २७ को पुनर्योगः को**

उपदफा (२) को पुनर्योग गरी सोको नतिजा भन्ने शब्दका पछाडी **"१५ दिन भित्र"** भन्ने शब्द थप गर्ने ।

**११. दफा २९ को अन्तिम नतिजा प्रकाशन गर्ने : को**

उपदफा (१) मा नाम, थर, बाबु, आमा भन्ने शब्दका पछाडी रहेको **बाजेको** भन्ने शब्द हटाउने ।

**१२. दफा ३१ को नियुक्तिको सिफारिस : को**

उपदफा (३) को **लगाउन सकिने** छ भन्ने शब्दको सट्टा **"लगाउनु पर्नेछ ।"** भन्ने शब्द राख्ने ।

**१३. दफा ४३ को वार्षिक प्रतिवेदनः को**

उपदफा (१) को **तीन** भन्ने शब्दहटाई **"दुई"** भन्ने शब्द राख्ने ।

१४. दफा ४७ मा **विषय विज्ञ वा दक्षको** भन्ने शब्दको सट्टा "**विषय विज्ञको**" भन्ने शब्द राख्ने ।

उपदफामा रहेका **विज्ञ, दक्ष** भन्ने शब्दहरु हटाई **"विषय विज्ञको"** भन्ने शब्द राख्ने ।

**अनुसूची २ : समितिका सदस्यहरुको नामावली (पदेन सदस्य सहित)**

| क.सं. | माननीयज्यूहरुको नाम | पद |
|---|---|---|
| १ | मा०श्री दामाकुमारी शर्मा | सभापति |
| २ | मा०श्री इन्द्रजीत थारु | सदस्य |
| ३ | मा०श्री खड्ग बहादुर खत्री | सदस्य |
| ४ | मा० श्री चिन्तावती कुर्मी | सदस्य |
| ५ | मा० श्री दिपेन्द्र कुमार अधिकारी | सदस्य |
| ६ | मा० श्री भगवती देवीभण्डारी | सदस्य |
| ७ | मा० श्री भुवनेश्वर चौधरी | सदस्य |
| ८ | मा० श्री भोजप्रसाद श्रेष्ठ | सदस्य |
| ९ | मा० श्री रमा अर्याल | सदस्य |
| १० | मा० श्री सन्तोस कुमार पाण्डेय | सदस्य |
| ११ | मा० श्री सरस्वती गौतम | सदस्य |
| १२ | मा० श्री सुरेन्द्र बहादुर हमाल | सदस्य |
| १३ | मा० श्री हरिप्रसाद रिजाल | सदस्य |
| १४ | मा.मुख्यमन्त्री श्री शंकर पोखरेल | पदेन सदस्य |
| १५ | मा. आन्तरिक मामिला तथा कानून मन्त्री श्री कुल प्रसाद के.सी. | पदेन सदस्य |

**अनुसूची ३ : समिति सचिवालय वा कार्यसँग समबद्ध कर्मचारीको नामवली**

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १ | श्री दुर्लभ कुमार पुन मगर | सचिव |
| २ | श्री श्याम प्रसाद श्रेष्ठ | उपसचिव (कानून) |
| ३ | श्री हरिहर पोखरेल | अधिकृत नवौं |
| ४ | श्री दिनेश अधिकारी | अधिकृत आठौं (समिति सचिव) |
| ५ | श्री दिपेन्द्रराज पन्थी | सहायक पाँचौ |
| ६ | श्री विवश बोहरा | कम्प्यूटर अपरेटर |
| ७ | श्री शशिधर पुन | सहयोगी कर्मचारी |

**अनुसूची ४ : समितिमा आमन्त्रित विज्ञ वा व्यक्तित्वहरुको नामवली**

| क.सं. | नाम, थर | पद | कार्यालय |
|---|---|---|---|
| १. | श्री केशवराज आचार्य | सचिव | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| २. | श्री मधु पौडेल ज्ञावाली | उपसचिव | " " |
| ३. | श्री युवराज खनाल | | |
| ४. | श्री लेखअपी पोखरेल | | |
| ५. | श्री थानेश्वर गौतम | सचिव | आर्थिक मामिला योजना मन्त्रालय |
| ६. | श्री बसन्त अधिकारी | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ७. | श्री भरत मणि अधिकारी | सचिव | मख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ८. | केशवराज आचार्य | सचिव | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ९. | हरिसिंह धामी | उप-सचिव | आन्तरिक मामिला तथा कानून मन्त्रालय |

**अनुसूची ५ : सदस्यहरुको उपस्थिति विवरण**

| क्र. स. | नामथर | पद | जम्मा उपस्थिति संख्या |
|---|---|---|---|
| १ | मा० श्री दामाकुमारी शर्मा | सभापति | २६ |
| २ | मा० श्री भोजप्रसाद श्रेष्ठ | सदस्य | २६ |
| ३ | मा० श्री इन्द्रजीत थारु | सदस्य | ५ |
| ४ | मा०श्री खड्ग बहादुर खत्री | सदस्य | २० |
| ५ | मा० श्री चिन्तावती कुर्मी | सदस्य | १६ |
| ६ | मा० श्री दिपेन्द्र कुमार अधिकारी | सदस्य | ९ |
| ७ | मा० श्री भगवती देवीभण्डारी | सदस्य | १८ |
| ८ | मा० श्री भुवनेश्वर चौधरी | सदस्य | ८ |
| ९ | मा० श्री रमा अर्याल | सदस्य | १९ |
| १० | मा० श्री सन्तोस कुमार पाण्डेय | सदस्य | ४ |
| ११ | मा० श्री सरस्वती गौतम | सदस्य | २३ |
| १२ | मा० श्री सुरेन्द्र बहादुर हमाल | सदस्य | १० |
| १३ | मा० श्री हरिप्रसाद रिजाल | सदस्य | १३ |